जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com



बालविवाह सामाजिक र कानूनी अपराध हो ।
- बीस बर्ष नपुगी विवाह नगरौं र नगराऔं,
- उमेर नपुगी गरेको विवाह सामाजिक र कानूनी अपरोध हो,
- त्यस्तो अपराध गर्नेलाई जरिवाना र कैद सजाय दुवै हुने कानूनी व्यस्था छ ।

नेपाल सरकार
विज्ञापन बोर्ड



वर्ष २५ • अंक २६६ • २०७९ साल फाल्गुन ७ गते आइतबार (19 February, Sunday, 2023) • पृष्ठ ८ • मूल्य रु. ५।-


## जसपा कार्यकारिणी समितिको बैठक आज

**टुडे समाचारदाता**

काठमाण्डु । सरकारलाई वाह्य समर्थन गरेका जनता समाजवादी पार्टी(जसपा)ले राजनीतिक अवस्थाको समिक्षा र विधान अधिवेशनको विषयमा छलफल गर्न आइतबार कार्यकारिणी समितिको बैठक बोलाएको छ ।

राष्ट्रपति र उपराष्ट्रपति मध्ये उपराष्ट्रपति अनिवार्य रुपमा पाउनु पर्ने अडानमा रहेको जसपाले राष्ट्रपतिमा अन्य दललाई सघाउने संकेत गरिसकेको छ ।

राष्ट्रपति र उपराष्ट्रपतिको चुनावले सत्तासमिकरण परिवर्तन हुने बलियो संभावना रहेको बताइन्छ ।राष्ट्रपतिमा एमालेलाई सत्तासाझेदार माओवादी केन्द्रले समर्थन नगर्ने संकेत दिइसकेको छ । राष्ट्रपतिका लागि एमाले र नेपाली काँग्रेसले प्रयास गरिरहेका छन् ।

उपराष्ट्रपतिमा आफ्नो स्वभाविक दाबी बनेको बताउँदै जसपा कार्यकारिणी समितिका सदस्य समेत रहेका प्रवक्ता मनिष सुमनले बताए ।

'प्रधानमन्त्री, सभामुख, राष्ट्रपति सबै एउटै समुदायबाट हुने भएका छन्' उनले भने, शासकीय संरचनालाई समावेशी बनाउनपनि उपराष्ट्रपति जसपाले पाउनु पर्छ ।

कार्यकारिणी समितिको बैठकमा वर्तमान राजनीतिक परिस्थिति र विधान अधिवेशनबारे विशेष रुपमा छलफल हुने प्रवक्ता सुमनले जनाए ।

जसपाले विधान महाविधेशन गर्ने निर्णय केन्द्रीय समितिको बैठकबाट गरेका थिए ।विधान अधिवेशनबाट हाल पार्टीमा रहेको अध्यक्षद्वयको प्रावधान लगायतका कयौं धारालाइ संशोधन गर्ने बताइएको छ ।

विधान अधिवेशनबाट परिमार्जित गरी बन्ने विधान अनुसार पार्टीको महाधिवेशन गर्ने तयारी भइरहेको सुमनले बताए ।

एमाले सहितको गठबन्धन सरकारमा जसपा सहभागि नहुने बताउँदै उनले भने, 'हामी प्रचण्ड नेतृत्वको वर्तमान सरकारमा सहभागि हुने छैनौ ।'हालको सत्तागठबन्धन अब धेरै दिन नटिक्ने उनको अनुमान छ ।

### रौतहटमा मधानी महोत्सव

# मौलापुरमा ५१ करोड बेरुजु, वर्षेनि १० करोड बढी अनियमित खर्च

**राकेश यादव/ओमप्रकाश यादव**

गौर । रौतहट जिल्लाको मौलापुर नगरपालिकाले हरेक वर्ष आयोजनागर्दै आएको मधानी महोत्सवमा करोडौ आर्थिक अनियमितता हुने गरेको छ ।

भारतका भोजपुरी गायक, नर्तकीहरु ल्याएर आयोजना गरिने मधानी कार्यक्रममा मोलापुर नगरपालिकाले हरेक वर्ष १० करोड भन्दा बढी खर्च गरेको लेखापरीक्षकको प्रतिवेदनबाट देखिएको छ ।

मधानी महोत्सव भनिए पनि त्यसको प्रमुख आकर्षण भारतीय छाडा भोजपुरी गीत र नृत्य रहेको छ । शुक्रबारदेखि सुरु भएको मधानी महोत्सव शनिबार सम्पन्न भएको छ। महोत्सवको उद्घाटन उपराष्ट्रपति नन्दबहादुर पुनले शुक्रबार गरेका थिए ।

शनिबार भोजपुरी कलाकारहरुको प्रदर्शनपछि सकिएको छ । नगरपालिकाले आयोजना गर्ने मधानी महोत्सवमा करोडौ खर्चेर भारतीय भोजपुरी कलाकारहरुलाई ल्याउने कार्यको स्थानीय बुद्धिजिवीहरुले तीव्र विरोध गरिरहेका छन् ।

प्रतिनिधिसभाका स्वतन्त्र सांसद प्रभुख साहकी पत्नी किरण साह मौलापुर नगरपालिकाकी मेयर हुन् । उनी दोस्रोपटक निर्वाचित भएकी छिन् । मधानी महोत्सवका लागि नगरपालिकाले गर्ने बजेट विनियोजनको भन्दा धेरै बढी खर्च हुने गरेको बताइन्छ ।

मधानी महोत्सवको नाममा गरिएको



खर्च मध्ये लेखापरीक्षण प्रतिवेदनमा ५१ करोड बढी बेरुजु देखाइएको छ । आर्थिक नियम कानून विपरीत गरिएको सो खर्चलाई लेखा परीक्षणमा बेरुजु देखाइए पनि यस वर्ष पनि करोडौ खर्च गरिएको छ ।

अश्लिल भोजपुरी गीतमा नाच्ने, झुम्ने दर्शकहरुको अव्यवस्थित उपस्थितिले हरेक वर्ष भै-झगडा समेत हुने गरेको छ । कयौं सय दर्शकहरु उभिएर नै भोजपुरी कलाकारहरुको नाचगान हेर्ने गरेका छन् । मौलापुरमा मधानी स्थानलाई पुरातात्विक र संस्कृतिक महत्वको भएको बताइन्छ ।त्यहाँ शिवलिंग पनि रहेका छन् ।

मधानी महोत्सवको आयोजना राम्रो भए पनि त्यसमा हुने भोजपुरी नाचगानको खर्च अस्वभाविक रहेको मौलापुर नगरपालिका-३ का दिनेश साहले बताए । 'महोत्सवको नाममा अनावश्यक खर्च देखाइन्छ' उनले भने, महोत्सवमा नगरपालिकाले गर्ने खर्चमा भारी भ्रष्टाचार पनि हुने गरेको छ ।

मौलापुर नगरपालिका ऋणमा चलिरहेको छ । नगरपालिकाको वार्षिक बजेट भन्दा कयौं गुणा बढी खर्च अगावै हुने गरेको छ । ऋणभारमा रहेकाले आन्तरिक स्रोतबाट विकास निर्माणको काम ठप्प रहेको छ ।

नगरपालिकाले वार्षिक रुपमा सर्वाधिक एउटै शीर्षक मधानी महोत्सवमा खर्च गर्दै आएको छ । यस वर्ष भारतीय भोजपुरी कलाकारहरु पवन सिंह, काजल राघवानी लगायत दर्जन बढी रहेका छन् ।उनीहरुलाई दिइने पारिश्रमिकको भन्दा धेरै बढी खर्च देखाएर आर्थिक अनियमितता हुने गरेको आरोप विपक्षी दलका नेताहरुले लगाउँदै आएका छन् । देशका अतिविशिष्ट व्यक्तित्वहरुलाई आमन्त्रण गरी महोत्सवको उद्घाटन गराएर आर्थिक अनियमितताको ढाकछोप गर्ने गरिएको उनीहरुको आरोप छ ।

## विद्युतका ईञ्जिनियरलाई कुटपिट

**टुडे समाचारदाता**

गरुडा(रौतहट) । नेपाल विद्युत प्राधिकरणका ईञ्जिनियरलाई मधानी महोत्सवका आयोजकहरुले कुटपिट गरी अपहरण गर्नेहरुलाई पक्राउ गर्न माग गरिएको छ ।

अनाधिकृत तवरबाट विद्युत जडान नगरेपछि गोरिल्ला शैलीमा रौतहटको मौलापुर स्थित नेपाल विद्युत प्राधिकरणको वितरण केन्द्रका सहायक इन्जिनियर महेन्द्र प्रसाद चौधरीलाई कुटपिट गर्दै अपहरण गरेको उल्लेख गर्दै वितरण केन्द्रका प्रमुख अरुणकुमार साहले ति व्यक्तिहरुलाई पक्राउ गरी आवश्यक कारबाही गर्न जिल्ला प्रहरी कार्यालय रौतहटलाई पत्राचार गरेका छन् ।

सांसद प्रभु साह अध्यक्ष रहेका आम जनता पार्टीसंग सम्बध त्रिभुवन साह भनिने (अमर) र धीरज पाण्डेसहित २० जनाले प्राधिकरण मौलापुर वितरण केन्द्रका सहायक ईन्जिनियर चौधरीलाई शुक्रबार निर्घात कुटपिट गर्दै जीपमा राखेर अपहरण शैलीमा लगेको प्रमुख साहले आरोप लगाएका छन् ।

शुक्रबार बिहान पौने १० बजेको समयमा साह र धीरज पाण्डेको नेतृत्वमा आएका समूहले कार्यालय भित्र प्रवेश गरी बिना कारण ईन्जिनीयर चौधरीलाई कुटपिट गर्नुको साथै गाली गलौज गर्दै अपहरण गरी गैरकानूनी रुपमा विद्युत जडान गराएको प्रमुख साहको आरोप छ ।

कार्यालय प्रमुख साहले बिना कारण आफना कर्मचारीलाई गुण्डाशैलीमा अपहरण गरी कुटपिट गर्नुका साथै विद्युत लाइन जडान गर्न लगाउने जस्ता कार्य प्राधिकरण ऐन विपरीतको काम भएकोले यस कार्यमा संलग्नहरुलाई आवश्यक कारबाही गरी कानूनी राज्यको अवधारणलाई रक्षा गर्न रौतहट प्रहरी प्रशासनसंग माग गरेका छन् ।







# सप्तरीमा देखियो देवघरको झ-झल्को



**टुडे समाचारदाता**

राजविराज । महाशिवरात्रिको अवसरमा शनिबार सप्तरीको राजविराजस्थित हरिनन्देश्वर महादेव मन्दिरसहित जिल्लाका शिवालयहरु बोलबमको नाराले गुञ्जयमान भएको थियो ।

एकाबिहानै २२ किलो मिटर टाढा रहेको सप्तकोशी नदीबाट काँवरमा पवित्र जल बोकेर पैदल यात्रा गरी आएका हजारौं भक्तजनद्वारा लगाइएको बोलबमको नाराले शिवालयहरु गुञ्जयमान बनेको थियो । हरिनन्देश्वर महादेव मन्दिरका मुल पुजारी महेश्वर भारतीले सप्तकोशी नदीबाट जल ल्याएर करिब २ हजार भन्दा बढी भक्तजनले भगवान शिवलाई जल अर्पण गरेको जानकारी दिए ।

यस्तै,जिल्लाको शम्भुनाथ, अंकुरी महादेव, लालेश्वरनाथ लगायतका शिवालयहरुमा पनि बिहानै देखि दुध, जल, फलफुल चढाउने र पुजाका लागि आउने भक्तजनको घुँइचो लागेको थियो । इच्छित मनोकामना पूरा भएपछि भाकल गरेका कतिपय श्रद्धालु भक्तजन सडकमा घिस्रिँदै (दण्ड प्रणाम) त कतिपय नाचगान गर्दै शिवालय पुगेका थिए । शिवरात्रिका दिन शिवालयमा दुध, जल, वेलपत्र लगायतका समाग्री अर्पण गर्नू धार्मिक दृष्टिकोणले निक्कै महत्वपूर्ण मानिएकाले प्रत्येक वर्ष काँवर लिएर आउने भक्तजनको संख्या बढदै गएको हरिनन्देश्वर महादेव मन्दिर व्यवस्थापन समितिका अध्यक्ष ध्रुव देवले बताए । भक्तजनका सुविधाका लागि आवश्यक सबै व्यवस्था मिलाइएको उनले जानकारी दिए । त्यसैगरी साँझ देखि मन्दिर परिसरमा प्रवचन, भजनसंध्या लगायतका धार्मिक कार्यक्रमको आयोजना गर्दै रात्रिजाग्रामको कार्यक्रम रहेको उनले बताए ।

मन्दिरपरिसरमासुरक्षादेखिअन्य आवश्यक बन्दोवस्तको व्यवस्था गरिएका कारण भक्तजनले सहजरुपमा पूजा गर्न पाएको निर्वतमान वडा अध्यक्ष मागी लाल नाईले बताए ।

सप्तरीको प्रसिद्ध हरिनन्देश्वर महादेव मन्दिरमा दर्शनका लागी आउने दर्शनार्थीहरुका लागि मन्दिर व्यवस्थापन सिमतिका साथै विभिन्न संघ संस्था मिलेर सुविधा प्रदान गर्दै आएको छ ।मारवाडी महिला मञ्च, राजविराज जेसिज, विश्वहिन्दु युवा संघ, नरसिंह हिन्दु सेना नेपाल, युनाइटेड डेभलपमेन्ट लगायतका संघसंस्थाले पञ्चामृत, दुध, वेलपत्र, जल, औषधी, पूजा समाग्री लगायतका प्रबन्ध मिलाइएकाले यस पल्ट पूजापाठ सहज भएको भक्तजनहरुले बताएका छन् ।

# मन्दिरको विकासका लागि सरकारले सहयोग गर्न माग



**राकेश यादव**

गौर । रौतहट जिल्लाको गौर नगरपालिका वड़ा नम्बर २ महादेवपट्टीमा रहेको बानेश्वर महादेव मन्दिरमा महाशिवरात्रीको अवसरमा दर्शन गर्ने दर्शनार्थीहरुको घुइँचो लागेको छ । उत्तरमा भारतीय सीमा तथा पच्छिममा लाल बकैया नदीको बिचमा रहेका सुप्रसिद्ध बानेश्वर मन्दिरमा पूजा गर्ने भक्तजनको भीड़ देखिएका हुन ।

मन्दिरका महन्थ ओमप्रकाश भारतीले मन्दिरको विकाशको लागि नेपाल सरकर , प्रदेश सरकर तथा स्थानीय सरकरले उत्सुकता नदेखाएको गुनासो गरेका छन ! बसंत पंचमी , महाशिवरात्रिका दिन मेला लाग्ने गरेको बताउँदै महन्थ भारतीले पुरानो मन्दिरको रुपमा रहेको बानेश्वर मन्दिरलाइ थप व्यवस्थित गर्नु आवश्यकता रहेको बताए । हजारोको संख्यामा भक्तजन दर्शन गर्न आउने गरेको भन्दै महन्थ भारतीले मन्दिरको लागि जग्गा व्यवस्थापन गर्नु पर्ने उल्लेख गरे । प्रदेश सरकरका तत्कालीन प्रदेश सांसद बाबूलाल साहले मन्दिर परिसरमा मार्बल टायल्स लगाएको बताए । उहाले धर्मशाला निर्माण , पोखरि सौन्दर्यकरण , गरिएमा मन्दिरको सौंदर्यतामा थप विकाश हुन्थ्यो भने ,मन्दिर निर्माण को लागि तीन वटै सरकरले बजेट विनियोजन गर्नु पर्ने मांग समेत गरे ।

गएको आर्थिक वर्षमा गौर नगरपालिका वड़ा नम्बर १ स्थित सिबलाय मन्दिर र बानेश्वर मन्दिरको मरम्त सम्भारको नाउमा मधेश प्रदेश सरकरको बन उद्योग तथा पर्यटन मंत्रालय बाट २० - २० लाख रकम खर्च गरिएको डिभिजन बन कार्यालय रौतहटले जनाएको छ ।

शिबालय मन्दिरको परिसरमा रहेको पुजारी बस्ने भवन निर्माण गर्नको लागि आएको रकम बजेट शीर्षक परिवर्तन गरी मरमत सम्भारमा उपभोक्ता समिति मार्फत खर्च गरिएको थियो ।

डिभिजन बन कार्यालयका प्रमुख सुनील कुमार कर्णले गौरको शिबालय मन्दिर तथा बानेश्वर मन्दिरमा प्रदेश सरकरको रकमबाट कार्य भएको अभिलेख रहेको बताएका छन ।

# 'दलान दलील' कार्यक्रम सुरु

**टुडे समाचारदाता**

राजविराज । जनमत पार्टीका अध्यक्ष डा.सीके राउतले 'दलान दलील' कार्यक्रम सुरु गरेर जनतासँग योजनाहरु माग्न थालेका छन् ।



सप्तरी निर्वाचन क्षेत्र २ बाट निर्वाचित डा.राउतले आफ्नो निर्वाचन क्षेत्रको प्रत्येक गाउँमा पुगेर जनतासँग छलफल गरी योजनाहरु माग्ने र गुनासो सुन्ने कार्य शुक्रबारबाट सुरु गरेका छन् ।

'जनताको दलानमै गएर उनीहरुको गुनासो सुन्ने कार्य सुरु गरेको छुँ।' डा.राउतले भने,'प्रत्येक गाउँमा पुग्ने कार्यक्रम बनेको छ। यसले जनता राजको अनुभूति जनताहरुलाई गराइरहेको छुं।'

यसअघि विकास निर्माणका योजनाहरु ठेक्केदार वा नेताहरुको चाहना अनुसार राखिने गरेको उनले बताए । 'ठेक्केदारहरुले आफूलाई कुन योजनामा फाइदा पुग्छ त्यही योजना राख्ने गरेका थिए । नेताहरुले पनि आफूलाई फाइदा हुने योजनाहरु राख्ने गरेका थिए।' राउतले भने,'अब जनताको आवश्यकता अनुसार जनताकै चाहना अनुसार योजनाहरु तयार पार्ने कार्य गर्दैछौं ।'

दलान दलील कार्यक्रममा उपस्थित सर्वसाधारणहरुले डा.राउतलाई सडक निर्माण, विद्यालय सुधार, कृषि सडक, कृषि मिटर, विजुली पुऱ्याउनेलगायतका समस्या समाधानका लागि योजनाहरु दिएका छन्।

# निःशुल्क उपचार



**टुडे समाचारदाता**

राजविराज । विद्यार्थीहरुलाई लच्छित गरी नरेन्द्र मेमोरियल जनता माध्यमिक विद्यालयमा आयोजना गरिएको निःशुल्क दन्त परीक्षण तथा उपचार शिविरमा २ सय ५० जना विद्यार्थीले स्वास्थ्य सेवा लिइ लाभान्तिवत भएका छन् ।

नेपाल डेण्टल एशोसिशयन सप्तरीद्वारा शनिबार विद्यालय परिसरमा आयोजना गरिएको एक दिने दन्त परिक्षण र उपचार शिविरमा २ सय ५० जना छात्रछात्राले उपचार सेवा प्राप्त गरे । । शिविरमा चेकचाँच, उपचार र औषधि संगै दाँत माझ्ने ब्रश र टुथपेस्ट समेत निःशुल्क उपलब्ध गराइएको आयोजक नेपाल डेण्टल एशोसियशनकी महासचिव डा.नेहा दासले जानकारी दिइन ।

उनले शिविरमा दन्त रोगमा केहि जटिल विरामी देखिएको र त्यस्ता विरामीको क्लिनिक मै लगी निःशुल्क उपचार गरिदिने समेत बताईन् । शिविरमा दन्त रोगबाट हुने हानी र यसबाट बच्ने उपायबारे समेत विद्यार्थीहरुलाई सचेतना तालिम प्रदान गरिएको थियो ।

महासचिव डा.नेहाको अगुवाईमा आयोजना गरिएको शिवीरमा डा.विशाल सिंह, डा.सुनिल कुमार सिह, डा.संजय साह, डा.जयप्रकाश यादव, डा.मो.अख्तर अली लगायतका चिकित्सकहरु सहभागि भएका थिए । विद्यालय मै दाँत निःशुल्क जाँच र औषधि उपचार पाएपछि विद्यार्थीहरुले खुशी व्यक्त गरेका छन् ।

# प्रशिक्षण विभाग विस्तार

**सिकेन्द्र पासवान**

कलैया । नेपाली कांग्रेसको मधेश प्रदेश प्रशिक्षण विभागको कमिटी विस्तार गरिएको छ ।

नेपाली कांग्रेस मधेश प्रदेशका उपसभापति एवम् प्रशिक्षण विभागका संयोजक चन्द्रशेखर कुमार यादवले शिवरात्रिको शुभ दिनमा सो समितिमा मनोनयन गरी विस्तार गरिएको जानकारी दिए ।

नेपाली कांग्रेसको विधान २०१७ संशोधितसहित धारा ३६ नेपाली कांग्रेसको नियमावलि २०७६ का नियम ३३( २) ग बमोजिम कांग्रेस मधेश प्रदेश प्रशिक्षण विभागको उप-संयोजकमा महोत्तरीकी श्रीमति रेखा यादव, अर्का उप संयोजकमा धनुषाका डा. सञ्जिव यादव, सचिवमा पर्सा कि अर्चना कुमारी चौधरीलाई मनोनयन गरिएको छ ।

त्यसैगरी,सदस्यहरुमा श्रीमति शोभा यादव सिरहा, श्रीमति रानी यादव सिरहा, संजय यादव सिरहा, शान्ता पाण्डेय सर्लाही, कविता यादव सप्तरी, ममता महतो महोत्तरी, विष्णु रिसाल बारा र ममता महतो पर्सालाई मनोनयन गरिएको जानकारी दिइएको छ ।

सल्लाहकार समितिको सदस्यमा बाराका सिकेन्द्र पासवान र रौतहटका मिथलेश मिश्रालाईसमेत मनोनयन गरिएको बताइएको छ ।

प्रदेश प्रशिक्षण विभागले गर्नुपर्ने सबै कार्यहरु विभागका प्रमुखसंग समन्वय गरी विभागको निर्णय बमोजिम कार्य सम्पादन गर्नका लागि निर्देशनसहित कार्यकालको सफलताको प्रशिक्षण विभाग प्रमुख यादवले शुभकामना समेत दिए ।

पहिलो चरणमा अहिले विस्तार गरिएको छ भने दोस्रो चरणमा चाँडै नै समितिलाई पूर्णता दिनेगरी बाँकी सदस्य मनोनयन गरी समितिको विस्तार गर्ने संयोजक यादवले बताए । समिति पूर्ण भएपछि मधेश प्रदेशको ८ वटै जिल्लाहरुमा संगठनलाई दीगो बनाउने काममा लाग्ने संयोजक यादवले जानकारी दिए ।

संयोजक यादवलाई नेपाली कांग्रेस मधेश प्रदेश कार्य समितिको निर्णय अनुसार समितिका सभापति कृष्ण यादवले मधेश प्रदेश प्रशिक्षण विभागको प्रमुखमा मनोनयन गरेका थिए ।

# बसपार्कमा लुटपाट गर्ने ४० जनामाथि अनुसन्धान सुरु

काठमाण्डु । यही फागुन १ गते नयाँ बसपार्कस्थित लोत्से मलमा तोडफोड गरी लुटपाट गर्ने तथा प्रहरीको सवारी साधन आगजानीमा संलग्न ४० जनालाई प्रहरीले पक्राउ गरेको छ । यातायात मजदुरका नाममा प्रहरीका दुईवटा भ्यानमा आगो लगाउने, लोत्से मल तोडफोड गर्ने तथा मोबाइल लुटपाटमा संलग्न भएको आरोपमा उनीहरूलाई प्रहरीले शुक्रबार साँझ पक्राउ गरेको थियो । आन्दोलनकारीले लोत्से मलमा अर्जुन चालिसेले सञ्चालन गरेको एसिडिसी मोबाइल प्रालि, डायमन्ड मोबाइल प्रालि र गजेन्द्र न्यौपानेले सञ्चालन गरेको काठमाडौं सुपर मार्केट प्रालिमा तोडफोड गरी मोबाइल, चार्जर, रिचार्ज, एयरफोनलगायत सामग्री लुटपाट गरेका थिए ।

उनीहरूले प्रहरी वृत्त बालाजुको बा२झ १४४ नंको स्कार्पियो र बा१झ ७२२४ नंको गाडी समेत जलाउनुका साथै बालाजु र माछापोखरी चोकको ट्राफिक आयल्यान्डमा क्षति पुऱ्याएको प्रहरीको आरोप छ । आन्दोलनका क्रममा बालाजु चोकको अस्थायी प्रहरी पोष्टमा समेत आगो लगाइएको थियो ।

जिल्ला प्रहरी कार्यालयका प्रवक्ता, प्रहरी उपरीक्षक सीताराम रिजालले आगजानी र तोडफोडमा संलग्न २९ र मोबाइल लुटपाटमा संलग्न ११ जनालाई पक्राउ गरी अनुसन्धान थालिएको जानकारी दिनुभयो । "प्रहरीको भ्यान आगजानी गर्ने र मल तोडफोड गरी चोरी गर्ने अन्य केही व्यक्तिको पहिचान भइरहेको छ, उनीहरूलाई पनि चाँडै नियन्त्रणमा लिन्छौं", प्रवक्ता रिजालले भन्नुभयो ।

नेपाल यातायात मजदुर सङ्घ, अखिल नेपाल यातायात मजदुर सङ्घ, नेपाल यातायात स्वतन्त्र मजदुर सङ्गठनलगायतको नेतृत्वमा भएको आन्दोलनले उग्र रुप लिँदा उक्त घटना भएको थियो । घटनामा अधिकांश व्यक्ति चालक, सहचालक, विद्यार्थी र विभिन्न होटल तथा रेष्टुराँका कामदार छन् ।

लुटपाटमा संलग्नलाई मुलुकी अपराधसंहिता (ऐन), २०७४ परिच्छेद २० चोरी तथा डाँकासम्बन्धी कसुरमा काठमाडौं जिल्ला अदालतबाट म्याद थप गरी अनुसन्धान गर्नाका साथै आगजानी तथा तोडफोड गर्नेलाई मुलुकी अपराधसंहिता (ऐन)को परिच्छेद २६ को दफा दुई सय ८५ बमोजिम आपराधिक उपद्रव गर्न नहुने कसुरमा अनुसन्धान भइरहेको प्रवक्ता रिजालको भनाइ छ । काठमाण्डु महानगरपालिका-२६ स्थित लोत्से मलमा मोबाइल पसल सञ्चालक चालिसेले राज्यले क्षतिपूर्ति दिनुपर्ने माग गर्नुभयो ।रासस

# सातौं निर्वाचन दिवस: एकीकृत निर्वाचन कानूनको मस्यौदा तयार गरी पेस गर्दै

काठमाण्डु । निर्वाचन आयोग निर्वाचन कानुन र व्यवस्थापनका क्रममा सुधार गर्नुपर्ने पक्षहरूमा दृढतापूर्वक अग्रसर हुने भएको छ ।

सातौं निर्वाचन दिवसका अवसरमा प्रमुख आयुक्त दिनेशकुमार थपलियाले शुभकामना सन्देश जारी गर्दै निर्वाचन व्यवस्थापनलाई उपयुक्त नीतिगत, कानुनी र संस्थागत संरचनासहित समयानुकूल बनाउन एकीकृत निर्वाचन कानुनको मस्यौदा तयार गरी पेस गर्न लागिएको जानकारी गराउनुभयो । उहाँले यस वर्षका निर्वाचन सञ्चालन र व्यवस्थापनका क्रममा आयोगले संविधान र कानुनको पालनासहित अवलम्बन गरेका नवीन अभ्यासको समीक्षाका क्रममा केही सकारात्मक पहल गर्न सकिएको अनुभव भएको उल्लेख गर्दै देखिएका समस्या र चुनौतीलाई समाधान गर्न मार्गदर्शन पनि प्राप्त भएको प्रष्ट पार्नुभयो ।

त्यसैगरी यसै वर्ष सम्पन्न स्थानीय तह, प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनबाट आफूले रोजेका प्रतिनिधिमार्फत शासन सञ्चालन गर्न पाउने नागरिक अधिकारको वैधता र सुनिश्चितता प्राप्त भएकामा खुसी व्यक्त गर्दै आयोगले निर्वाचनमार्फत निर्वाचित सम्पूर्ण जनप्रतिनिधि एवं निर्वाचनमा सहभागी सबैलाई हार्दिक बधाई ज्ञापन गरेको छ ।

'निर्वाचन लोकतन्त्रको सार्थक अभ्यास गर्ने सबैभन्दा सशक्त माध्यम हो, लोकतान्त्रिक प्रणालीअन्तर्गत सम्पन्न हुने आवधिक निर्वाचनले नै प्रतिनिधिमूलक शासन व्यवस्थालाई संस्थागत र मजबुत बनाउँछ, सन्देशमा भनिएको छ । विसं २०१५ फागुन ७ गते नेपालमा आम निर्वाचन प्रारम्भ भई बालिग नेपाली मतदाताले आफ्नो सार्वभौम अधिकार प्रयोग गर्न पाएको महत्वपूर्ण दिनको स्मरण गर्दै आज (फागुन ७ गते) हामी सातौं निर्वाचन दिवस उल्लासमय वातावरणमा मनाउँदै छ । यो वर्ष निर्वाचन आयोग तथा आम मतदाताका लागि पनि विशेष वर्षको रूपमा रहेकाले सातौं निर्वाचन दिवस पनि विशेष र अविष्मरणीय रहन गएको आयोगको भनाइ छ ।रासस

## तपाईंको आज

पण्डित : बम जी

| | |
|---|---|
| मेष | : सुख समृद्धि हुने । |
| बृष | : प्रेम प्रसंग, मित्र सुख । |
| मिथून | : नयाँ कार्य हुने । |
| कर्कट | : भ्रमण अवसर हुने । |
| सिंह | : पारिवाहिक सुख । |
| कन्या | : प्रतिभा सम्पन्नता । |
| तुला | : धन बृद्धि सञ्चय । |
| वृश्चिक | : अवसर प्राप्त । |
| धनु | : वाद विवादबाट बच्नु । |
| मकर | : शिक्षामा उन्नति । |
| कुम्भ | : बौद्धिक क्षमता । |
| मीन | : पुरस्कार प्राप्त लाभ । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| आँखा अस्पताल | ५२०३९७ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |
| | | बारुण यन्त्र (जलेश्वर) | ०४४-५२००९७ |

### रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने सयम | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम | : १०:०० बजे |

### जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

### राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



महाशिवरात्रि पर्वको अवसरमा सजाईएको जलेश्वर महादेव मन्दिरमा भक्तजनको घुइँचो । तस्वीर : रासस

# कार्यसम्पादन मूल्याङ्कनमा प्रदेश सरकार कमजोर

काठमाण्डु । कार्यसम्पादन मूल्याङ्कनमा प्रदेश सरकार कमजोर देखिएका छन् । राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले बुधबार सार्वजनिक गरेको प्रदेश सरकारकोकार्यसम्पादनसूचकसम्बन्धी विवरणअनुसार कुनै पनि प्रदेशले ४५ प्रतिशतभन्दा माथि अङ्क प्राप्त गरेका छैनन् ।

आयोगको विवरणअनुसार प्रदेश नं १ ले सबैभन्दा बढी ४४ दशमलव तीन अङ्क पाएको छ । मधेस प्रदेशको कार्यसम्पादन अङ्क सबैभन्दा कम २० दशमलव पाँच छ । बागमती प्रदेशले ३६ दशमलव एक, गण्डकी प्रदेशले ३८ दशमलव पाँच, लुम्बिनी प्रदेशले ३४ दशमलव चार, कर्णाली प्रदेशले २५ दशमलव नौ र सुदूरपश्चिम प्रदेशले २६ दशमलव एक अङ्क पाएको आयोगले जनाएको छ ।

'प्रदेश तथा स्थानीय तहको कार्यसम्पादन मूल्याङ्कन कार्यविधि, २०७८' का आधारमा मूल्याङ्कन गरेर राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले प्रदेशलाई यस्तो अङ्क प्रदान गर्छ । कार्यसम्पादनबाट प्राप्त अङ्कका आधारमा प्रदेश तथा स्थानीय तहले सङ्घ सरकारबाट पाउने वित्तीय समानीकरण अनुदान सिफारिस गर्ने कानुनी प्रावधान छ ।

प्रदेश तथा स्थानीय सरकारको वित्तीय समानीकरण अनुदान सिफारिस गर्न निर्धारण गरिएको कार्यसम्पादन सूचकको मूल्याङ्कन प्रतिवेदनअनुसार वित्त आयोगले विभिन्न १९ सूचकलाई हेरेर प्रदेशको कार्यसम्पादन मूल्याङ्कन गर्दै आएको छ । यसमा लेखापरीक्षण, बेरुजु फछ्र्यौट, तोकिएको समयमा बजेट विनियोजन, लक्षित राजस्व सङ्कलनलगायत विषयलाई सूचकका रूपमा राखिएको छ ।

वित्त आयोगका अनुसार दुई सूचकमा कुनै पनि प्रदेशले अङ्क प्राप्त गर्न सकेका छैनन् । सूचक नं २ मा रहेको 'प्रदेशले स्थानीय तहलाई प्रदेश कानुनबमोजिम आयोगले तोकेको आधार लागू गरी ससर्त अनुदान प्राप्त गरेको वा नगरेको' हेर्ने गरिन्छ । तर कुनै प्रदेशले यस्तो अनुदान नगरेको देखिएको छ ।

त्यस्तै, सूचक नं ३ मा ' आर्थिक वर्ष २०७८/७९ मा सवारी साधन करबापत बाँडफाँट गरिएको ४० प्रतिशत रकम प्रदेश सरकारले मासिक रूपमा सम्बन्धित स्थानीय सञ्चित कोषमा जम्मा गरेको वा नगरेको' हेरिएको थियो । तर कुनै पनि प्रदेशले यस्तो कर रकम स्थानीय तहको सञ्चित कोषमा जम्मा गरेको देखिएन ।रासस

# नेपाली सेनाको गौरवपूर्ण विगत मुलुकको वैश्विक चिनारीको आधार : प्रदेश प्रमुख मिश्र

महोत्तरी । मधेश प्रदेश प्रमुख हरिशङ्कर मिश्रले नेपालको चिनारीमा नेपाली सेनाको गौरवपूर्ण इतिहास महत्वपूर्ण रहेको बताउनुभएको छ ।

महाशिवरात्री तथा नेपाली सेनाको २६०औँ स्थापना दिवसका अवसरमा आज मध्यपूर्वी पृतना हेडक्वाटर बर्दिबासमा आयोजित समारोहलाई सम्बोधन गर्दै मिश्रले संसारभरि नै नेपाली सेनाको बहादुरी, निष्ठा र कर्तव्यपरायणता प्रसिद्ध रहेको उल्लेख गर्नुभयो ।

'नेपाल भनेपछि वीर गोर्खाको देश भन्ने परिचय विश्वमाझ बनेको छ', प्रदेश प्रमुख मिश्रले भन्नुभयो, "यो युद्ध कौशल र बहादुरीले मात्र नभई समर्पण र इमानले बनेको परिचय हो ।' नेपाली सेनाले कमाएको यो इज्जत र शानले विश्वको कुनै कुनामा हुँदा रहँदा पनि नेपाली हुनुको गौरबवोध हुने मिश्रको भनाइ छ ।

संसारका विभिन्न देशको सैन्य सेवामा समर्पण, इमान र बहादुरीको परिचयले नेपालीले प्रवेश पाउने गरेका मिश्रले बताउनुभयो । युद्धमा मात्र नभएर संसारका विभिन्न युद्धरत पक्षबीच शान्तिका लागि पनि नेपाली सेनाले अझैसम्म महत्वपूर्ण योगदान दिइरहेका उहाँले उल्लेख गर्नुभयो । नेपाली सेनालाई वर्तमान समय सन्दर्भमा अझ व्यावसायिक र साधन सम्पन्न बन्न आवश्यक रहेको मिश्रको थप भनाइ छ ।

समारोहमा मध्यपूर्वी प्रितनापति नेपाली सेनाका उपरथि प्रेमध्वज अधिकारीले जिम्मेवारीका विभिन्न क्षेत्रमा विशिष्ट भूमिका निर्वाह गर्नुभएका सैन्य अधिकारीलाई प्रधान सेनापतिका तर्फबाट सैन्य विभूषण प्रदान गर्नुभयो । समारोहमा सेनाका कलाकारले विभिन्न भाषा, संस्कृतिका मनोरञ्जनात्मक साङ्गितिक कार्यक्रम प्रस्तुत गरेका थिए । रासस

# भाण्टाको भार बेचेरै मनग्गे आम्दानी



महोत्तरी।महाशिवरात्री पर्वको अवसरमा महोत्तरी जिल्लाका शिवालयमा भाण्टाको भार बेचेर नै किसानले राम्रो आम्दानी गरेका छन् । भाण्टाको भार बाँसको मोटो कप्टेरोमा दुईतिर एक/एक वटा भाण्टा उनेर बनाइएको भगवान शिवलाई चढाउने सामग्री हो ।

त्यस अवसरमा भाण्टाको भार भाकल गरेका श्रद्धालुले आफूले मागेजति मूल्य दिएपछि शिवालय परिसर पुगेका किसानले राम्रो आम्दानी भएको बताएका हुन् ।

जिल्लाको भङ्गाहा नगरपालिका-५ सिद्धपुरस्थित सिद्धनाथ महादेव मन्दिर परिसरमा पर्वको अवसरमा भाण्टाको भार बेचेर आफूले रू २० हजारभन्दा बढी आम्दानी गरेको भङ्गाहा-४ रामनगर बस्तीका किसान चन्देश्वर राय दनुवारले बताउनुभयो ।

भारमा दुई भाण्टा र एउटा बाँसको कप्टेरो भए पुग्ने र पर्वको महत्वले राम्रो मूल्यमा बिक्री भएपछि महाशिवरात्री पर्वमा रू २० हजारको भार बिक्री गरिएको सोही बस्तीका अर्का किसान रामपूजन महतोको भनाइ छ । मेलामा एउटा भाण्टाको भार धार्मिक विश्वास र भाकलको महत्वले गर्दा दुई सयसम्म बिक्री भएको छ ।

'बिहान चार बजेदेखि भार बेच्न बसेको हुँ, दिनभरिमा २५ हजारको भार बेचिएछ', शनिबार सिद्धनाथ मन्दिर परिसरमा धमाधम भार बेची रहनुभएका दनुवारले भन्नुभयो, "यसपालि श्रद्धालु पनि निक्कै बढेका छन्, राति अबेरसम्म अझै आम्दानी बढ्ला ।'

भाकल सामग्रीमा श्रद्धालु भक्तजनले मोलमोलाई नगरेपछि भारबाट राम्रो आम्दानी हुने गरेको किसानको भनाइ छ । सिद्धनाथ महादेव मन्दिर परिसरमा पछिल्ला १० वर्षयता आफू लगातार भाण्टाको भार बेच्दै आएको भन्दै भङ्गाहा-४ का किसान सत्यनारायण यादवले यो पर्वआफ्ना लागि राम्रो आम्दानीको जोहो गर्ने अवसर हुँदै आएको बताउनुभयो ।

सिद्धनाथ महादेव मन्दिरमा महाशिवरात्रीका दिन चर्मरोगीले रोग निको होस् भन्दै अघिल्लो वर्ष भाण्टाको भार चढाउने भाकल गर्ने गर्छन् । यसैले वर्षेनी पर्वमा भाण्टाको भारको निकै बिक्री हुने भएकाले यो अवसर आफ्ना लागि राम्रो आर्जन गर्ने अवसर रहँदै आएको भाण्टा उत्पादक किसानको भनाइ छ ।

जीउ चिलाउने, खटिरा आउने, दाद र लुतोसहितका स्वास्थ्य समस्या भएकाले भाण्टा खान नहुने आम बुझाइ छ । पर्वका दिन यसलाई त्याग्ने सङ्कल्प गरेर रोग निकोहोस् भन्ने भाकल गरेपछि आफ्नो जीउ चिलाउने समस्या हराएको सिद्धनाथ मन्दिरमा भाकल चढाउन आउनुभएकी जिल्लाकै बलवा नगरपालिकाको बनौटा बस्तीकी ५५ वर्षीया जगतारणदेवीले विश्वास व्यक्त गर्नुभयो । पर्वको अवसरमा लाग्ने मेलामा भारबाहेक आफ्ना अन्य कृषि उपज प्रदर्शनी गर्नसमेत राम्रो अवसर पाइएको किसानहरुको भनाइ छ । मेलामा मौसमी, बेमौसमी तरकारी बाली उत्पादनका नमूना प्रदर्शनी भएकाले आफ्ना उत्पादनबारे आम चासो बढेको भङ्गाहा-४ कै अर्का किसान रामबहादुर ठाकुरको भनाइ छ ।

यसैगरी महाशिवरात्री पर्वको अवसरमा बेलपत्र, धतुरोको फलफूल र भाङ्गा पात बेचेर पनि राम्रो आम्दानी भएको छ । भगवान् शिवको पूजामा अत्यधिक प्रयोग हुने बेलपत्रका साथै धतुराको फूलफल र भाङ्गा पात बिक्रीबाट महाशिवरात्री पर्वमा रू १५ हजार आम्दानी कमाइएको एकडारा गाउँपालिकाको भटौलिया बस्तीकी १५ वर्षीया किशोरी रामसखी मण्डलको भनाइ छ ।

पर्वका अवसरमा जिल्लाका टुटेश्वरनाथ, जलेश्वरनाथ, मङ्गलनाथ, सिद्धनाथ, कामेश्वरनाथसहितका शिव मन्दिर परिसरमा बेलपत्र, धतुराको फूलफल र भाङ्गा पात बेच्न बस्ने बढीजसो किशोर उमेरका देखिएका छन् । बेलपत्र, भाङ्गा पात, धतुराको फूल र फलमा पूजी नलाग्ने र बेचेजति सबै मुनाफा भएकाले पछिल्ला तीन वर्षयता आफ्नो निजी खर्चको जोहो यसैबाट गर्ने गरेको जलेश्वरनाथ मन्दिर परिसरमा भेटिएकी १७ वर्षीया किशोरी पानवती सादाको भनाइ छ ।रासस

# पशुपतिनाथमा साढे चार लाखले गरे दर्शन



काठमाण्डु । महाशिवरात्रिका अवसरमा पशुपतिनाथ मन्दिरमा बिहान ११ बजेसम्म साढे चार लाख भक्तजनले दर्शन गरेको पशुपति क्षेत्र विकास कोषले जनाएको छ ।

यस अवसरमा पशुपतिनाथका चार ढोका बिहान ३ बजेदेखि नै खुला गरिएको थियो । ढोका खोल्नुअघिदेखि नै पशुपति क्षेत्रमा भक्तजनको लाम सुरु भएको कोष संस्कृति महाशाखा प्रमुख एवं सूचना अधिकारी गौरीशङ्कर पराजुलीले जानकारी दिनुभयो ।

बिहान छोटो लाम भए पनि अहिले लाइन बढ्न थालेको छ । उत्तरतर्फको लाम चाबहिल चोकभन्दा माथि पुगेको छ । पश्चिमतिरको लाम गौशाला चोक, दक्षिणतिरको लाम त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नजिक र पूर्वतर्फको लाम गौरीघाटसम्म पुगेको छ । घाम लागेसँगै दर्शनार्थीको सङ्ख्या बढ्न थालेको हो ।

महाशिवरात्रिका अवसरमा कोषको विशिष्ट अतिथिका रूपमा आउनुभएका जगन्नाथपुरीस्थित गोवर्द्धन मठका शङ्कराचार्य निश्चलानन्द सरस्वतीले अहिले पञ्चामृत स्नानसहितको विशेष पूजा गर्नुहुने कार्यक्रम छ । पशुपतिनाथमा विशेष पूजा सकेर उहाँले पशुपतिमन्दिरको पश्चिम ढोकाअघि रहेको आद्य शङ्कराचार्यको मन्दिर उद्घाटन गर्नुहुनेछ । यो मन्दिर विसं २०७२ वैशाख १२ गतेको भूकम्पले भत्किएको थियो ।

मन्दिर उद्घाटनपछि उहाँले त्यहीं प्रवचन पनि गर्नुहुनेछ । बेलुकी नेपाल-भारत मैत्री धर्मशालामा शङ्कराचार्यसँग वैदिक सनातन धर्मसँग सम्बन्धित विषयमा जिज्ञासा राख्न सकिने कार्यक्रम रहेको छ । यो कार्यक्रममा जोसुकैले सहभागिता जनाउन सक्ने कोषले जनाएको छ । महाशिवरात्रिकै अवसरमा राष्ट्रपति विद्यादेवी भण्डारीले बेलुकी पूजा एवं दर्शन गर्नुहुने कार्यक्रम रहेको छ । यसैगरी नेपाली सेना दिवसको कार्यक्रममा अतिथिका रूपमा आउनुभएका भारतीय सेनाका चार पूर्वप्रधानसेनापतिले पनि आज पशुपतिनाथ मन्दिरमा दर्शन गर्नुहुने कार्यक्रम रहेको कोषका सूचना अधिकारी पराजुलीले बताउनुभयो ।

महाशिवरात्रिका अवसरमा पशुपति क्षेत्रमा पाँच हजारभन्दा बढी साधुसन्तको आगमन भएको छ । नागाबाबालाई मूल मन्दिरभित्र राखिएको छ । साधुसन्तलाई बिहीबारदेखि नै कोषले भोजन, आवास र धुनीको व्यवस्था गरेको छ । यसमा गुठी संस्थानको पनि सहयोग रहेको छ ।

महाशिवरात्रिका लागि पशुपति क्षेत्र विशेषरूपमा सिँगारिएको छ । दर्शनार्थीलाई व्यवस्थितरूपमा दर्शन गराउन पाँच हजार सुरक्षाकर्मी र चार हजार स्वयंसेवक खटाइएको कोषका प्रवक्ता रेवतीरमण अधिकारीले जानकारी दिनुभयो । मूल मन्दिरभित्र भने नेपाली सेना र कोषका कर्मचारीको विशेष सुरक्षा रहेको छ । पशुपति क्षेत्रमा स्वास्थ्य शिविर, निःशुल्क खानेपानी सेवा, भोजन एवं प्रसाद सेवा, रक्तदानजस्ता सेवामूलक काम गर्ने संस्थाको पनि भीड देखिन्छ । केही मानिसले विभिन्न साम्प्रदायिक पुस्तक वितरण गरेको भन्दै भक्तजनले आपत्ति जनाएका छन् । कोषले यस्ता काममा रोक लगाउने भने व्यवहारमा कार्यान्वयन नभएको गुनासो भक्तजनको छ ।

**भीड बढेपछि पशुपति क्षेत्रमा सवारीको रुट पार्किङस्थल परिवर्तन**

महाशिवरात्रिका लागि पशुपतिनाथ क्षेत्रमा हुने भीडलाई मध्यनजर गर्दै पशुपति क्षेत्रमा सवारीसाधनकोरुटरपार्किङस्थलनिर्धारण गरिएको छ । आज पशुपतिनाथ मन्दिरमा दर्शनार्थीको भीड बढ्दै जाँदा आवश्यकताअनुसार सवारीसाधन डाइर्ट गरिएको महानगरीय ट्राफिकप्रहरी महाशाखाले जनाएको छ । महाशाखाका अनुसार गौशाला क्षेत्रतर्फ जाने सवारीलाई चाबहिल, पुरानो बानेश्वर, ज्ञानेश्वर, मैतीदेवी मोड, रातोपुल, सेतोपुल, कालोपुल, सिफलचौर, कुटुवहाल, गौरीघाट र तिलगङ्गाबाटै डाइभर्सन गरिएको छ । यसैगरी मालवाहक गाडीलाई तीनकुने, जोरपाटी, चुच्चेपाटी, सिनामङ्ल पुल र वसुन्धाराबाटै डाइर्ट गरिएको छ भने बस तथा माइक्रोबस, टेम्पो र मालवाहक गाडीका लागि फरकफरक रुट निर्धारण गरिएको छ ।

रत्नपार्क, भद्रकाली, सिंहदरबार, माइतीघर, नयाँ बानेश्वर, तीनकुने, सिनामङ्गल हुँदै तिलगङ्गासम्म पुग्ने र त्यही मार्ग हुँदै रत्नपार्क फिर्ता हुने गरी व्यवस्था मिलाइएको छ भने रत्नपार्क, भद्रकाली, नागस्थान, भोटाहिटी, जमल, केशरमहल, खानी विभाग, लाजिम्पाट, नारायणगोपाल चोक, चाबहिल, बौद्ध, जोरपाटी, साँखुसम्म पुग्ने र त्यही मार्ग हुँदै जमलसम्म गरी व्यवस्था मिलाइएको छ ।

कालोपुल हुँदै कपन चल्ने गाडीहरू खानीविभाग, लाजिम्पाट हुँदै महाराजगञ्जको बाटो चलाउने गरी रुट तोकिएको महानगरीय ट्राफिक प्रहरी महाशाखाका एसएसपी राजेन्द्र भट्टले जानकारी दिनुभयो। उहाँका अनुसार सुन्धाराबाट मैतीदेवी, पुरानो बानेश्वर, चाबहिल हुँदै बौद्धतर्फ चल्ने माइक्रोबस तथा टेम्पोहरू महेन्द्र सालिक, कृष्णपाउरोटी, जयनेपाल, नक्साल, भगवतीबहाल, सानोगौचरण, सिफल उकालो, चाबहिल गणेशस्थान, चाबहिल हुँदै जोरपाटी मार्ग हुँदै चल्ने भएका छन् ।

यसैगरी जोरपाटी बौद्धबाट सुन्धारा आउने माइक्रोबस तथा टेम्पोहरू चाबहिल, नारायणगोपाल चोक, लाजिम्पाट, केशरमहल, जमल, घण्टाघर हुँदै सुन्धारा चल्ने रुट तोकिएको छ । उता जोरपाटी, बौद्ध, चाबहिल हुँदै महाराजगञ्ज तर्फ जाने तत्पश्चात महेन्द्र सालिक तीनधारा पाठशाला हुँदै रत्नपार्क फिर्ता हुने मालवाहक गाडीहरू चुच्चेपाटी, भृकुटीचोक, गोपीकृष्ण हल हुँदै सुकेधारा, महाराजगञ्जतर्फको रुट तोकिएको छ ।

कोटेश्वर, तीनकुने, गौशाला हुँदै बौद्ध वा सुकेधारातर्फ जाने मालवाह गाडीहरू कोटेश्वर, सातदोबाटो, कलङ्की, महाराजगञ्ज र बौद्ध जाने मालवाहक गाडीहरू गोपीकृष्णहल, कपन, महाङ्काल, चुच्चेपाटी हुँदै बौद्ध तर्फ जाने रुट तोकिएको छ ।

कोटेश्वर तीनकुने हुँदै पशुपति वरपर पुग्नु पर्ने मालवाहक गाडीहरू तीनकुनेसम्म जान सक्ने बनाइएको छ । महाराजगञ्ज, चाबहिल हुँदै पशुपति वरपर पुग्नुपर्ने मालवाहक गाडीहरू बसुन्धारासम्मको रुट तोकिएको छ ।

कोटेश्वर वा गट्ठाघरबाट बौद्ध जोरपाटी जाने मालवाहक गाडीहरू जडीबुटी, पेप्सीकोला, गोठाटार पुल हुँदै बौद्ध जोरपाटीसम्मको रुट दिइएको छ । यसैगरी तीलगङ्गा आँखा अस्पताल अगाडि तीर्थयात्री, दर्शनार्थी र विदेशी पर्यटकहरूका गाडी पार्किङको व्यवस्था गरिएको छ भने देवउद्यानमा रहेको कोषको कार्यालय र भण्डारखालमा विकास कोषले बितरण गरेको पासवाहक सरकारी र प्रहरीका गाडी पार्किङको व्यवस्था गरिएको छ । साथै सिफल चौरमा पासवाला गाडी र स्थानीय दर्शनार्थीका सवारी साधन पार्किङको व्यवस्था गरिएको छ । गुह्येश्वरी पारी गोठाटार, जोरपाटी, मूलपानी, गोकर्ण बौद्धतर्फबाट आउने तीर्थयात्रीहरूका गाडी पार्किङको व्यवस्था गरिएको छ ।

पशुपति क्षेत्रमा रहेको वनकाली क्षेत्रमा महाशिवरात्रिको अवसरमा शिविर सञ्चालन गर्ने सङ्घ संस्थाहरूका सवारी, दमकल, एम्बुलेन्स र खानेपानीका ट्याङ्करहरू पार्किङको व्यवस्था गरिएको छ । पार्किङ तथा ट्राफिक व्यवस्थापनका लागि तीलगङ्गा कोरिडोरको उपलब्ध ठाउँ, पशुपति क्षेत्र विकास कोषको कार्यालय, प्रहरी वृत्त, ट्राफिक प्रहरी विभाग गौशाला, सिफल चौरको उपलब्ध ठाउँ, गुह्येश्वरीपारि गरी पाँच ठाउँमा व्यवस्थापन गरिएको छ ।रासस

## महाशिवरात्रिका अवसरमा रथयात्रा

काठमाण्डु । महाशिवरात्रिपर्वको अवसरपारेर योगी नरहरिनाथ आध्यात्मिक परिषद् ट्रस्टले राजधानीमा रथयात्रा आयोजना गरेको छ ।

कमलादीस्थित नेपाल प्रज्ञा-प्रतिष्ठानबाट सुरु भएको रथयात्रा कमलपोखरी-ज्ञानेश्वर-रातोपुल-मित्रपार्क-जयवागेश्वरी-गौशाला-पुरानोबानेश्वर-नयाँ बानेश्वर हुँदै महादेवस्थानमा पुगेर सम्पन्न गरिएको हो । ट्रस्टले विसं २०६६ देखि सनातन धर्म, संस्कृतिको रक्षाका लागि राजधानीमा रथयात्रा आयोजना गर्दै आएको छ ।

यस वर्ष १४औँ रथयात्रा गरिएको ट्रस्टका अध्यक्ष शङ्कर पौडेलले राससलाई जानकारी दिनुभयो । रथयात्रामा एक दर्जन बढी संस्थाको सहभागिता थियो । शिव, पार्वतीको रथसँगै शङ्ख, घण्ट ध्वनिका साथ रथयात्रा गरिएको हो । रथयात्राबाट सनातन धर्म, संस्कृतिका क्षेत्रमा भइरहेको चौतर्फी आक्रमण रोक्न सकिने विश्वास ट्रस्टको छ ।रासस

## शिवरात्रिका अवसरमा पाशुपत क्षेत्रमा धार्मिक अनुष्ठान


काठमाण्डु । ब्रम्हकुमारी राजयोग सेवा केन्द्रले शिवरात्रिका अवसरमा पाशुपत क्षेत्रमा धार्मिक अनुष्ठान गरेको छ । केन्द्रले १२ शिवलिङ्ग स्थापना गरेर सुरु गरेको अनुष्ठानका क्रममा शिवशक्तिको महिमालाई वर्णन गरिएको हो । आत्म, परात्म, सृष्टिको चक्र, मनुष्यका कर्म, कर्तव्यका साथै जीवनमा ध्यान विधिका महत्व र अभ्यासका विषयलाई सिकाइएको छ ।

आध्यात्मिक ज्ञान र राजयोगबाट जीवनलाई नैतिकवान र शान्त बनाउन सकेमा वर्तमान र भविष्यलाई उज्ज्वल बनाउन सकिने विषयमा भक्तजनलाई दिक्षा दिइएको उक्त कार्यक्रममा सञ्चालन गरिएको सांस्कृतिक कार्यक्रममा भजनकीर्तनसमेत गरिएको छ ।

यसैबीच केन्द्रले ठमेलस्थित प्रधान कार्यालयबाट भगवान् शिवलाई रथयात्रा गराएर सुरु गरेको पदयात्रा नगरका विभिन्न भाग परिक्रमा गरी कमलादीस्थित प्रज्ञा भवनमा आयोजित धार्मिक कार्यक्रमको मूल समारोहमा पुऱ्याइएको थियो ।

उक्त कार्यक्रममा धार्मिकगुरुहरूबाट प्रत्येक मानिसले आध्यात्मिक शिक्षा प्राप्त गरी काम, क्रोध, लोभ, मोह र अहङ्कारको अन्त्य गरी सुख र शान्ति प्राप्त गर्न सकिने प्रवचन दिइएको थियो । जीवन र जगत्लाई बुझ्न सकेमा वा ज्ञान आर्जन गर्न सकेमा परमात्मालाई नजिकबाट चिन्न र जान्न सकिने विषयमा संक्षेपीकरण गरिएको थियो ।

आध्यात्मक शिक्षाका साथै विभिन्न सामाजिक सेवामा क्रियाशील केन्द्रले देशभर एक हजार शाखा विस्तार गरी राजयोग शिक्षा, धार्मिक ज्ञान, ध्यान, मानव सेवालगायत कार्य गर्दै आएको ब्रम्हकुमारी राजयोग कृतिले जानकारी दिनुभयो ।रासस



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# वित्तीय अनुशासन कायम राख

मधेश प्रदेश सरकारले पछिल्लो दुई आर्थिक वर्षमा भुक्तानी हुन बाँकी रहेका रकमलाई चालु आर्थिक वर्षमा भुक्तानी गर्ने भएकोछ। पछिल्लो दुई आर्थिक वर्षमा गरी एक अर्ब भन्दा बढी बक्यौता रहेको अर्थमन्त्री सञ्जय कुमार यादवले जनाएका छन् । भुक्तानी हुन बाँकी रहेका अधिकांश रकम उपभोक्ता समिति मार्फत भएको कामको छ । रकम भुक्तानीको प्रक्रियालाई सहज बनाउन प्रदेश सभाले उपसभामुखको संयोजकत्वमा छानबिन समिति गठन गरेको छ। दुई वर्ष पूर्व उपभोक्ता समितिले गरेका कामहरुको मूल्यांकन सो समितिले गर्ने बताइएकोछ। काम सम्पन्न भएको आधारमा समितिले प्रतिवेदन तयार गरी प्रदेशसभामा प्रस्तुत गर्ने छ। त्यो प्रतिवेदनलाई प्रदेशसभाले पारितगरी रकम भुक्तान गर्न प्रदेश सभालाई निर्देशन दिनेछ। त्यसपछि सरकारले भुक्तानीको प्रक्रियालाई अगाडि बढाएर बक्यौता रकम उपभोक्ता समितिलाई भुक्तान गर्नेछ। यो सबै प्रक्रिया द्रुतगतिमा अगाडि बढाइनेछ। विगतको सरकारले भुक्तानी रोक्नुको कारण दुईवटा देखिएको छ । पहिलो सम्बन्धित मन्त्रालयलाई उपभोक्ता समितिले अग्रिम कमिशन दिन आलटाल गरेको र अर्को समयमै काम सम्पादन नभएकोलाई लिन सकिन्छ। वर्तमान सरकारले पहिलो कारणलाई आधार बनाएको छ। कर्मचारीहरुले कमिसन नपाएको कारण भुक्तानी नभएको सरकारले निस्कर्ष निकालेकोछ। तीन वर्ष पूर्व पनि यस्तै प्रक्रियाले झण्डै ७० करोड रुपैया भुक्तानी गरिएको थियो। त्यति खेर भुक्तानी गर्दा एक पटकका लागि भनेर प्रष्ट लेखिएको थियो। नेपाल सरकारको आर्थिक ऐन, कानून अनुसार एउटा आर्थिक वर्षमा पूरा हुने योजना समयमै पूरा नभइ चालु आर्थिक वर्षमा भुक्तानी हुन नसके अर्को वर्षमा भुक्तानी गर्न मिल्दैन् । उपभोक्ता समितिले काम गरेको योजनाको रकम फ्रिज हुन्छ । तर त्यो कानूनको बर्खिलापमा गएर प्रदेश सरकारले दुई आर्थिक वर्ष बितिसकेको बक्यौता रकम भुक्तानीका लागि हतार गरेको छ। मधेश प्रदेश सरकारले वित्तीय अनुशासन कायम गर्नुपर्छ। वित्तीय अनुशासन कायम नभए सम्म आर्थिक अनियमितता रोकिने छैन् । प्रदेशका मुख्यमन्त्री सरोज कुमार यादवले मधेश प्रदेशमा भ्रष्टाचार शून्य सहनशिलताको प्रतिवद्धता व्यक्त गरेका छन् । त्यस अनुसार प्रदेशमा वित्तीय अनुशासनको कडाईका साथ पालना हुनुपर्ने हो । तर वित्तीय अनुशासनलाई नै भताभुंगगरी काम गर्दा भ्रष्टाचार झन बढनेछ । प्रदेशसभाबाट सरकारलाई आउने निर्देशन बमोजिम रकम भुक्तानी होला । तर त्यसले प्रदेशमा वित्तीय अनुशासन कायम हुन सक्दैन् । सरकारमा रहेका, पुनःनिर्वाचित भएका र निर्वाचित हुन चुकेकाहरुको भुक्तानीमा चासो हुनु अस्वभाविक होइन् । उनीहरुले नै लगेको योजना, बनाएको उपभोक्ता समिति र काम समयमै सम्पादन हुन नसकी रोकिएको भुक्तानीमा चासो देखाएका छन् । प्रदेश सरकारको यस्ता क्रियाकलापले विकृति झन बढने छ। समयमै काम नगरेपनि अर्को आर्थिक वर्षमा त्यस्तो रकम सहजै भुक्तानी हुने भएपछि उपभोक्ता र ठेकेदारको मनोबल बढाउने छ। विकासको काम हुने छैन् । त्यसकारण सरकारले वित्तीय अनुशासन कायम राख्नु पर्छ।

# राष्ट्रपतिको निर्वाचनः प्रतिष्ठाको लडाइ



प्रभाषचन्द्र झा
वरिष्ठ पत्रकार

राजनीतिक विश्लेषक एडमंड बर्कअनुसार राजनीतिक दल व्यक्तिहरुको यस्तो समूह हो, जसको सदस्य सामान्य सिद्धान्तको पालना गर्दै आफ्नो सामूहिक प्रयत्नको वलमा राष्ट्रिय हितमा परिवर्तन गर्नका लागि एक सूत्रमा बाँधिएका हुन्छन् । नेपालमा राजनीतिक दलको अवस्था माथि उल्लेख गरिएका विचारको ठीक विपरीत देखिन्छ । मुख्य दलकैं नेताहरुले समाजवादी र साम्यवादीका महान विचारकहरुले देखाएका मार्गको अनुसरण गरेको भनेर जनतासमक्ष ठोकुवा गर्छन् । जव सिद्धान्तको नाममा जनताबाट मत पाएपनि सिद्धान्तलाई तिलाञ्जलि दिने गरिएको देखिन्छ । नेताहरुले पार्टीको सिद्धान्तलाई सत्ताको भऱ्याङको रुपमा मात्रै प्रयोग गर्दै आएका छन् । राष्ट्रिय हितका विषयहरु सत्तामा नपुगेसम्म बडो जोडतोडका साथ उठाइन्छ । सत्तामा पुगेपछि आफू कसरी सवल हुने र सत्तामा टिकिरहनका लागि सिद्धान्तको अपव्याख्या गर्छन् । यस्ता गलत मानसिकताले गर्दा विगत तीन दसकदेखि नेपालको राजनीतिले स्थायित्व ग्रहण गर्न नसकेको हो । जुन दिन प्रधानमन्त्रीको शपथ हुन्छ, सोही दिनदेखि सरकारविरुद्ध षडयन्त्र शुरु हुने गरेको तीत्तो यथार्थ छ। एकमना सरकार गठन हुन नसक्नु नै मुख्य कारक रुपमा देखिन्छ।

राजनीतिको विषयमा महान विचारक एवम् दार्शनिकहरुले देखाएको मार्गलाई सत्ताप्राप्तिको माध्यममात्रै नबनाएर अपितु, जनताप्रतिको उत्तरदायित्व निर्वाह गर्नुपर्छ । यदि, त्यसो नगरिए भने कालान्तर मुलुकको अवस्था भयावह बन्न सक्छन । युनानको प्रसिद्ध दार्शनिक राजनीतिक विचारक प्लेटोले राजनीतिक व्यवस्थाको आधार न्याय हुनुपर्ने सिद्धान्त प्रतिपादित गऱ्यो । ग्रीक दार्शनिक अरस्तुले कानुन सम्मत शासन वा संवैधानिक शासनको पक्षमा विश्वलाई सन्देश प्रदान गरे । १८ औं शताब्दीमा फ्रान्सका दार्शनिक एवम् राजनीतिक विचारक ज्या जाक रुसोले सामान्य इच्छाको प्रतिपादनका साथ बैद्यतामाथि आवश्यकता औंल्याएका थिए । उनले लोकतान्त्रिक संरचनानै लोकतन्त्रको आत्मा हो भन्नु उचित होइन। लोकतन्त्रमा नैतिकता, न्याय र सदगुण हुनुपर्छ। त्यसो नभए, लोकतान्त्रिक संस्था महत्वहीन हुन्छ । सोहीकारण, रुसोले सार्वभौमसत्ता जनतामा निहित हुनुपर्ने र सरकारको सर्वोच्च स्थानमा बस्ने जनताको सेवक हुन भनि विचार फ्रान्समा फैलाएर क्रान्तिको शुभारम्भका लागि सन्देश प्रवाह गर्नुभयो। सो क्रममा उनले जनवाणीलाई आधार मानेर शासनको जनताको सहमतिमा सञ्चालन हुनुपर्ने विषयमा जोड दिएका थिए। यो राजनीतिक विचारलाई आत्मसात गरी संवैधानिक व्यवस्थाअन्तर्गत विश्वमा कतिपय राष्ट्रमा जनतालाई सर्वोच्च शक्ति मानेर राज्य सञ्चालन भइरहेको छ । नेपालको राजनीतिक अवस्थालाई हेर्दा प्लेटोको विचारमा नैतिकता, न्याय र सद्गुणको अभावमा लोकतान्त्रिक संस्था महत्वहीन बन्दै गइरहेको त छैन् ? यो विषयमा बौद्धिकवर्गलाई गम्भीर विश्लेषण गर्नुपर्ने देखिएको छ।

नेपालका संविधानपनि सोही सिद्धान्तमा आधारित छन् । सार्वभौमसत्ता जनतामा निहित छ। संविधानमा मात्रै उल्लेख गर्दैमा जनता सार्वभौम हुँदैन् । जनतामा सार्वभौमसत्ता निहित गर्नका लागि जनताको मुलभूत आवश्यकताका साथै विधिवत रुपमा कानुन सम्मत ढङ्गले मुलुक सञ्चालन हुनुपर्ने हो । कालमार्क्स, लेनिन, माओलगायत राजनीतिक विचारकको दृष्टिकोणलाई आत्मसात गरी मुलुकमा विभिन्न राजनीतिक दल स्थापना भएका छन् । कतिपय राष्ट्रमा सिद्धान्तको आधारमा पार्टीहरु सत्तामा पुग्छन् । त्यसपछि, सदैव पदमै टिकिरहनका लागि सिद्धान्तको आफूखुशी अपव्यवख्या गर्छन । शक्तिको उन्मादमा जनतामाथि तानाशाही प्रवृति देखाउन थाल्छन् । नेपालको संविधानमा एउटा महत्वपूर्ण विशेषता छ । प्रधानमन्त्रीले एकपटक विश्वासमत लिइसकेपछि सो प्रधानमन्त्रीविरुद्ध दुई बर्षसम्म अविश्वास प्रस्ताव संसद्मा पेश गर्नु नहुने प्रावधान छ। सो व्यवस्था नभएको भए गठबन्धनका सरकारहरुको भविष्य सधैं खतरामैं रहन्थ्यो । लोकतन्त्रको मूल्य मान्यताको आधारमा कुनैपनि गठबन्धनको सरकारबाट समर्थित दलहरुले आफ्ना समर्थन फिर्ता लिएपछि सरकार अल्पमतमा पर्छन् । तर, नेपालमा एकपटक विश्वासमत पाएपछि अन्य सहयोगी दलहरु समर्थन फिर्ता लिएपनि प्रधानमन्त्रीलाई विश्वासमत लिनुपर्छ वा राजीनामा गर्नुपर्छ भन्ने सम्बन्धमा संविधान मौन छ। प्रधानमन्त्री अल्पमतमा परेपछि विपक्षीहरुले राजीनामाका लागि नैतिक दवाव दिनुबाहेक अरु केही गर्न सकिँदैन्। अन्य लोकतान्त्रिक देशमा अल्पमतमा परेका सरकारलाई एक साताभित्र विश्वासमत प्रमाणित गर्नुपर्छ वा राजीनामा दिनुपर्छ । प्रधानमन्त्री प्रचण्डलाई अहिले त्यस्तो कुनै खतरा छैन्। एमालेपनि आफ्ना समर्थन फिर्ता लिएपनि सरकार बहुमतमैं रहन्छ।

प्रचण्ड नेतृत्वको सरकारलाई दुई महिना पनि पुगेको छैन्। छोटो अवधिमैं सत्ता साझेदार दलमध्ये राष्ट्रिय स्वतन्त्र पार्टी सरकारबाट बाहिरिएपछि प्रचण्डको नेतृत्वको सरकारमाथि असर पर्छ कि चर्चा हुनु स्वभाविक हो। रवि लामिछानेको पार्टीका तीनजना मन्त्री बाहिरिएपछि सरकारको विश्वसनीयतामाथि प्रश्न उठेको छ । रवि लामिछानेलाई पुनः गृहमन्त्री बनाउनका लागि केपि ओलीले प्रचण्डसँग आग्रह गरेपनि प्रचण्ड आफ्नो अडानमा कायमैं रह्यो । केही दिनदेखि केपि शर्मा, ओलीले विदेशी षडयन्त्र शुरु भएको भनेर प्रतिक्रिया दिन शुरु गरेको छ। जव नेपालमा कुनै मुख्य दलका नेता अप्ठेरोमा पर्छ।उतिखेर, विदेशी षडयन्त्रमा भारत र पश्चिमाहरुले चलखेल शुरु गरेको आरोप सामान्य विषय बनेको छ । अव, सर्वसाधारण जनताले पत्याउन छोडेका छन्।

नेपाललाई पाकिस्तानबाट पाठ सिक्नुपर्ने हो। पाकिस्तान निर्माण भएको ७५ बर्षको अवधिमा जनताबाट निर्वाचित कुनैपनि सरकारले आफ्ना पाँच बर्षको कार्यकाल पुरा गर्न सकेन्। राजनीतिक अस्थिरताले गर्दा सत्तामा पुग्ने दल आफ्नै आर्थिक हैसियत बलियो पार्नमा बढी केन्द्रीत भए । विदेशी ऋणले प्रवृति बढ्दै गयो। ऋणको अत्यधिक दुरुपयोग भयो । अहिले, अन्तर्राष्ट्रिय मुद्रा कोषले पनि ऋण दिनमा आनाकानी गरिरहेका छन्। ऋणमा डुबेका पाकिस्तानमा महङ्गी चरम अवस्थामा पुगेको छ। त्यसकारण, नेपाललाई पनि समयमैं सचेत हुनुपर्छ । प्रधानमन्त्री प्रचण्डलाई मुलुकमा शान्ति सुरक्षाका साथै अर्थतन्त्रमा सुधार ल्याउन ठोस पहल गर्नुपर्ने हो । तर, समर्थित दलहरु बढी असन्तुष्ट हुँदा त्यसको प्रतिकूल असर सरकारको कामकाजमा पनि परेको छ। विमान दुर्घटना हुँदा राष्ट्रिय शोक मनाउन एक दिन विदा दिइन्छ। फागुन १ गते जनयुद्ध दिवस मनाउन विदा दिएपछि सरकारको छविमा आघात परेको छ। मधेश प्रदेशले माघ ५ गते बलिदानी दिवस भनेर विदा दिइन्छ भने प्रचण्डले दिए भने के गल्ति गऱ्यो भनेर तर्क दिनेहरु पनि छन्।

> *नेपाललाई पाकिस्तानबाट पाठ सिक्नुपर्ने हो । पाकिस्तान निर्माण भएको ७५ बर्षको अवधिमा जनताबाट निर्वाचित कुनैपनि सरकारले आफ्ना पाँच बर्षको कार्यकाल पुरा गर्न सकेन् । राजनीतिक अस्थिरताले गर्दा सत्तामा पुग्ने दल आफ्नै आर्थिक हैसियत बलियो पार्नमा बढी केन्द्रीत भए । विदेशी ऋणले प्रवृति बढ्दै गयो । ऋणको अत्यधिक दुरुपयोग भयो । अहिले, अन्तर्राष्ट्रिय मुद्रा कोषले पनि ऋण दिनमा आनाकानी गरिरहेका छन् । ऋणमा डुबेका पाकिस्तानमा महङ्गी चरम अवस्थामा पुगेको छ। त्यसकारण, नेपाललाई पनि समयमैं सचेत हुनुपर्छ। प्रधानमन्त्री प्रचण्डलाई मुलुकमा शान्ति सुरक्षाका साथै अर्थतन्त्रमा सुधार ल्याउन ठोस पहल गर्नुपर्ने हो। तर, समर्थित दलहरु बढी असन्तुष्ट हुँदा त्यसको प्रतिकूल असर सरकारको कामकाजमा पनि परेको छ।*

**राष्ट्रपतिको निर्वाचन**

फागुन २५ गते राष्ट्रपतिको निर्वाचन हुनेछ। केपि ओलीको आफूले नाम सुझाएका व्यक्तिनै राष्ट्रपति हुनुपर्ने भनेर प्रतिष्ठाको विषय बनाएका छन् । यसअघि, सभामुख एमालेले पाइसकेका छन्। राष्ट्रपति पनि एमालेको भएको खण्डमा केपि ओलीको राजनीतिकवृतमा प्रभाव बढनेछ। प्रचण्डले राष्ट्रपति एमालेको भएपछि कतै आफू कमजोर हुने हो कि भन्ने भय पनि छ। त्यसकारण, प्रचण्ड राष्ट्रिय सहमतिको आधारमा चयन हुनुपर्ने प्रस्ताव अघि सारेका छन् । सत्ता साझेदार दलबीच सहमति नभएको अवस्थामा काँग्रेसलाई फाईदा पुग्ने सम्भावना छ । नेपाली काँग्रेसले प्रचण्डलाई आफ्नो पक्षमा तान्नका लागि भरमग्दुर प्रयास गरिरहेका छन्। केही दिनदेखि काँग्रेस र माओवादी केन्द्रका नेताहरुबीच गहन छलफल जारी छ। जनता समाजवादी पार्टी, नागरिक उन्मुक्ति पार्टी र राष्ट्रिय स्वतन्त्र पार्टीको प्रचण्डप्रति असन्तुष्टि छ। अर्कोतर्फ, केपि ओलीको हैकमवादी सोचबाट छुटकारा पाउनका लागि प्रचण्डले काँग्रेसतर्फ झुकाव बनाउन थालेका देखिन्छ।

केपि ओलीले एमालेकै व्यक्तिको नाममा प्रचण्डको सहमति खोजेको छ । प्रचण्ड तयार नभएपछि काँग्रेसतर्फ प्रचण्डलाई ढल्किन नदिनका लागि अन्तोगत्वा प्रचण्डलाई नै आफ्नो उम्मेद्वार दिनका लागि सहमति दिने अवस्थापनि निम्तने देखिन्छ। त्यसो नभएको खण्डमा सत्ता समीकरणमा फेरबदल हुने खतरा छ । काँग्रेस सरकारमा आउने र एमालेलाई आफैं राष्ट्रिय स्वतन्त्र पार्टीजस्तै सरकारबाट बाहिरिनु पर्छ। केपि ओलीले समीकरण फेरबदल हुने देखेपछि विदेशी षडयन्त्र भइरहेको आरोप लगाउन शुरु गरेका छन्। जनता समाजवादी पार्टीले उपराष्ट्रपतिको लागि प्रयासरत छन् । काँग्रेस र एमालेमध्ये जुन दलले उपराष्ट्रपतिका लागि जसपाका उम्मेद्वारलाई समर्थन गर्छन् । राष्ट्रपतिको निर्वाचनमा सोही पक्षमा मतदान गर्ने अवस्था छ । मधेशका अन्य दलहरुले राष्ट्रपति निर्वाचनका लागि सार्वजनिक अभिव्यक्ति नदिएपनि लोकतान्त्रिक पार्टीका नेताहरुले महन्थ ठाकुरको नाममा राष्ट्रिय सहमति हुनुपर्ने धारणा राख्दै आएका छन्।

**मोवाइल पसलमा लुटपाट**

जनयुद्ध दिवसकै दिन सोमवार काठमाडौंको बालाजुस्थित ल्होत्से माँलका मोवाइल फोनका थोक विक्रेताको पसल लुटिए। यातायात मजदुर सङ्गठनको आन्दोलनको फाईदा उठाएर केही उच्छृख्ल युवाहरुले पसलको ताल्चा फुटाएर करिव नौं करोड मूल्य वरावरको मोवाइल लुटेका छन् । मुलुककै राजधानीमा यसरी पसल लुट्नु सरकारको कानुन व्यवस्था कस्तो छ भन्ने सहज रुपमा अनुमान लगाउन सकिन्छ । राजधानी मैं व्यापारी सुरक्षित छैन् भने अन्य ठाउँको हविगत के होला ? गृहमन्त्रीबाट रवि लामिछाने हटेको तीन साता भइसक्दा पनि प्रचण्डले कसैलाई गृहमन्त्रीको जिम्मेवारी दिन सकेको छैन्। प्रधानमन्त्री आफैं गृहमन्त्रीको जिम्मेवारी लिएर बसेका छन्। यातायात मजदुर सङ्गठनको आन्दोलन उग्र रुप धारण गरेपछि प्रहरीको दुईवटा गाडी पनि जल्यो। दल वा सङ्गठनहरुलाई विरोधका कार्यक्रम आयोजित गर्दा सजग हुनु आवश्यक छ। सरकारलाई पनि बन्द, हडतालको नाम कसैको घरमा लुटपाट र गाडीमा आगजनीका साथै आक्रमणजस्ता घटना भएको खण्डमा आयोजकमाथि कारवाही र क्षतिपूर्ति तिर्नुपर्ने कडा कानुन ल्याउनुपर्छ। 'इतिश्री' !

# लोकतान्त्रिक चरित्र र समृद्धिको सपना

-कृष्ण अधिकारी

जनताको आन्दोलनले निरंकुश राणा शासनलाई घुँडा टेकाएको सात दशक पूरा भएको छ। एकसय चार वर्षसम्म राणाहरूको स्वेच्छाकारी शासनले जनताको हकहितलाई कुन्ठित पारेको थियो । मानव अधिकारको उपयोग गर्न पाएका थिएनन् । राणाहरूको निरङ्कुश शासनबाट दबिएका जनता विस्तारै सङ्गठित भई प्रजातन्त्रको स्थापनाका लागि आन्दोलन गरेका थिए। देशमा विद्यमान एकतन्त्रीय राणा शासनविरूद्ध सुरू भएको जनताको क्रान्तिले २००७ फागुन ७ गते सफलता पाएसँगै राणा शासनको अन्त्य गरी प्रजातन्त्रको घाम उदाएको थियो । कठोर निरंकुशताविरुद्धको जनक्रान्ति सफल भएको यो दिन नेपालको प्रजातान्त्रिक आन्दोलनका लागि एक जुगमा आएको एउटा दिन थियो । नेपाली कांग्रेसको नेतृत्वमा भएको यस क्रान्तिमा नेपाल प्रजा परिषद्, कम्युनिष्टलगायतका पार्टीहरूले भाग लिएका थिए। यस विद्रोह नै नेपालको इतिहासमा सङ्गठित विद्रोह थियो। यसैको जगमा पछि पनि पटकपटक विभिन्न नाममा भएका विद्रोहले क्रान्तिको रुप लिँदै परिवर्तन भएका थिए।

जनताको शक्तिका अगाडि जस्तोसुकै निरङ्कुश शासकहरूले पनि घुँडा टेक्नै पर्छ । विश्वको इतिहासले पनि यही देखाएको छ । रुसमा जारको निरङ्कुश शासन, फ्रान्समा लुई सोह्रौंको निरङ्कुश शासन, बेलायतको गौरवमय क्रान्ति यसका केही उदाहरण हुन् । भारत पनि १९४७ मा बेलायती उपनिवेशबाट स्वतन्त्र भयो । यसको प्रभाव नेपालमा पर्नु स्वाभाविक थियो । यसले गर्दा नेपालमा निरङ्कुश राणा शासनको विरुद्धमा जनताहरू सङ्गठित हुन थाले । भारतीय नेताहरूले पनि प्रजातन्त्रका लागि नेपालमा सङ्घर्ष गर्ने जनतालाई नैतिक समर्थन दिएका थिए । राणाहरूले पहिले ब्रिटिसबाट पाइरहेको सहयोग पाएनन्। अन्तमा राणाशासन ढल्यो र नेपालमा प्रजातन्त्रको स्थापना भयो । विसं २००७ मा प्राप्त प्रजातन्त्रले २०१५ सालमा संविधान र आम निर्वाचनबाट राम्रोसँग जरा गाड्न नपाउँदै २०१७ सालमा उखेल्ने काम भयो । त्यसले मुलुकलाई ३० वर्षसम्म फेरि अध्यारोतिर धकेल्यो । जनतामा जीवित प्रजातन्त्रप्रतिको आस्था र भरोसाकै कारण पुनः २०४६ सालमा आन्दोलन भई खोसिएको प्रजातन्त्र प्राप्ति हुनसक्यो । विसं २०६२/६३ सालको जनआन्दोलनपछि सामन्ती राजतन्त्रको अन्य भएर गणतान्त्रिक व्यवस्थाको सुरुआत भएको छ । २००७ सालकै क्रान्तिमा रोपिएको संविधानसभाबाट संविधान निर्माण गर्ने बिज ढिलै भए पनि संविधानसभाबाट नयाँ संविधान जारी भएको छ। मुलुक सङ्घीय लोकतान्त्रिक गणतान्त्रिक पद्धतिमा अघि बढ्दै गर्दा यस दिनलाई राष्ट्रिय उत्सवका रूपमा स्मरण गर्नैपर्छ।

नेपालमा लोकतन्त्रको स्थापना भएपछि जनताको आर्थिक जीवनस्तरमा जसरी परिवर्तन हुनुपर्ने हो त्यसो हुन नसके पनि केही सकारात्मक प्रभावहरू भने पक्कै परेको छ। मुख्य कुरा जनताले मौलिक हकको उपयोग निर्वाधरूपमा उपयोग गर्न पाएका छन्। जनताले चित्त नबुझेका कुराहरूमा आफ्नो आवाज पनि उठाउन सक्दछन् । विकासका लागि नयाँ सोच र अवधारणा आउनुका साथै सुशासन र जनउत्तरदायित्वको बहसले पनि ठाउँ पाएको छ । विकासमा जनताको सहभागिता र समान सहभागिता सुनिश्चित गर्नुपर्ने मान्यताले स्थापित भएको छ । सामाजिक समावेशिता र लैङ्गिक विभेदको अवस्थामा धेरै सुधार भएको छ।

निश्चय पनि नेपाली जनताले लामो पर्खाइपछि पाएको २०७२ को संविधान ठूलो उपलब्धि थियो। यसले लोकतन्त्र र सामाजिक न्याय बलियो पार्ने र यसका बलमा देशको समुचित र दिगो विकास गर्ने अवसर नेपाललाई दिएको छ । लोकतन्त्रपछि जनप्रतिनिधिबाटै निर्मित संविधान हेर्ने नागरिकको चाहना पूरा भएको छ । अब हामीसँग संविधानसभाद्वारा निर्मित संविधान छ । गणतन्त्र संस्थागत हुँदै गएको छ । सङ्घीयतासहितको तीन तहको सरकारको अभ्यास दुई वटा आवधिक निर्वाचनबाट भइरहेको छ। मुलुकभर निर्वाचित जनप्रतिनिधिद्वारा शासन सञ्चालनमा छन् । यो



हिसाबले संवैधानिक र कानुनी हिसाबले मुलुक सङ्क्रमणकाल मुक्त भएको छ । तथापि, लोकतन्त्रको स्थापनापछि जनतामा जुन आशा र विश्वासको सञ्चार गराएको थियो, त्यसमा धमिरा लाग्दै जान थालेको हो कि भन्ने प्रश्न धैरैले गर्न थालेका छन् । अहिले पनि लोकतन्त्रले आम जनताको विश्वास जित्न सकेको छैन। यसको मुख्य कारण हिजो लोकतन्त्रकै लागि लामो सङ्घर्ष गरेका राजनीतिक पार्टीहरूले जनताका सामु कबुल गरेका कुराहरूको इमान्दारीपूर्वक पालना गर्नुको साटो राजा महाराजाहरूकै शैली र व्यवहारलाई पछ्याउनु हो। लोकतान्त्रिक पद्धतिमा लोकतन्त्रकै घाँटी निमोठ्ने सम्भावना रहिरहने हुँदा लोकतन्त्रले आफ्नो रक्षा आफैं गर्नुपर्ने हुन्छ। यो हाम्रै विगतको अनुभवबाट पनि प्रष्ट हुन्छ।

संविधानको रक्षा गर्ने कसम खाएर सत्तामा पुगेका राजनेताहरूको व्यवहार नै कतै संविधानलाई असफल तुल्याउन उद्यत त छैन भन्ने प्रश्न उठ्न थालेको छ। राजनीतिक पार्टीहरूबीच विश्वास र हार्दिकतामा ह्रास आउँदा लोकतन्त्र विरोधी शक्तिहरूलाई चलमलाउने राम्रो अवसर मिल्छ। विषाक्त सोच र व्यवहारले समग्र लोकतन्त्र धरापमा पर्न जान्छ। नागरिकको हैसियत रैतीभन्दा उन्नत हुन सकेन भने जनतामा पुनः विद्रोहको भाव जागृत हुन सक्छ। राजनीतिक दलहरूमा आन्तरिक लोकतन्त्र बलियो भयो भने मात्रै जनता र नेताबीच असल सम्बन्ध कायम हुन्छ। शक्ति र प्रभावको स्रोत आम नागरिक हुन् भन्ने यथार्थतालाई राजनेताहरूले कहिल्यै बिर्सन हुँदैन।

लोकतन्त्रका लागि राजनीतिक दलहरूसँगै नागरिक पनि उत्तिकै बलियो हुनुपर्छ । अन्यथा दलहरू बलियो बने भने नागरिकका अधिकार सङ्कुचित हुन्छन् र अधिनायकवाद झाँगिने खतरा रहन्छ भनिन्छ । नागरिकको सुशासनसहितको समृद्धिको आम आकाङ्क्षा पूरा गर्नुपर्ने दायित्व सरकारको हो। सत्तालाई नै मुख्य लक्ष्य राख्न खोज्दा नागरिकप्रतिको उत्तरदायित्व ओझेलमा पर्न जान्छ । यस्तै अवस्थाबाट मुलुक गुज्रिँदै दिनु हुँदैन । नागरिकका जायज माग, आलोचना र सुझावलाई सहज ढङ्गले लिनुपर्छ, प्रतिक्रियात्मक प्रवृत्ति बन्द गर्नुपर्छ । जब शासकीय वृत्तका पात्र नागरिक भावना बुझ्न असमर्थ हुन्छन्, तब उनीहरू भड्किँदै जान्छन्।

विसं २००७ मा पाएको प्रजातन्त्र २०१७ मा गुम्यो। २०४६ मा पुनः प्राप्त भएको प्रजातन्त्र २०६१ मा फेरि खोसियो र ०६२/६३ को जनआन्दोलनको बलले फेरि मुलुकमा लोकतन्त्र आएको छ । यसलाई बलियो बनाउने मुख्य जिम्मेवारी राजनीतिक दलहरूकै हो। आन्दोलन गर्ने, उपलब्धि हासिल गर्ने, उपलब्धि गुम्ने, पुनः सङ्घर्ष गर्ने र फेरि उपलब्धि हासिल गर्ने गोलचक्करमै नेपालको लोकतान्त्रिक आन्दोलन फस्दै आएका कारण यसको संस्थागत विकास हुन अझै सकेको छैन । त्यसैले लोकतान्त्रिक यात्रा आरम्भ गरेको झन्डै साढे सात दशक पुग्दै गर्दा आज फेरि त्यसको संस्थागत विकासको आवश्यकता खट्किएको स्वयं नेताहरूका अभिव्यक्तिबाट पुष्टि हुन्छ । अब राजनीतिक आन्दोलन नभएर गरिबीको अवस्था अन्त्यका लागि सबै राजनीतिक शक्तिहरू एकमत हुन आवश्यक छ।

जनताले अपेक्षा गरेको अर्को मुख्य कुरा सुशासन हो । सुशासन र पारदर्शिता राज्यको आधारभूत जिम्मेवारी तर यसको कार्यान्वयन सुनिश्चित हुन नसक्दा जनतामा थप नैराश्यता ल्याएको छ। तीन तहको सरकारको परिकल्पना गरी जनतालाई सुशासनको अनुभूति दिने संविधानको मर्म भएपनि जनताले त्यसको अनुभूति र गर्न पाएका छैनन्। सरकारका काम कारवाहीमा पारदर्शिता नभएसम्म सुशासन केबल नारामै सीमित रहन्छ । जनताले अनेक यातना, कष्ट सहँदै ज्यानको बाजी लगाएर लोकतान्त्रिक प्रणालीलाई संस्थागत बनाउने जिम्मा राजनीतिक पार्टीहरूलाई दिएका छन् । जनताको एउटै मात्र चाहना हो अभाव, महँगी र उत्पीडनबाट मुक्त भई नागरिकको हैसियतमा बाँच्न पाइयोस् । मुलुक छाडेर विदेसिन बाध्य युवा शक्तिलाई देशमै सम्भावना देखाउन सकिएमा मुलुकको समद्धि टाढा पनि छैन।

लोकतान्त्रिक पद्धति र विधिबाट जनआकांक्षा पूरा गर्ने दिशामा राजनीतिक अग्रसर नभएमा नागरिक भड्काउने र भड्किन सक्ने मैदान उपलब्ध हुन्छ। समावेशी, पारदर्शी, लोकतान्त्रिक र न्यायपूर्ण समाज विकासमा देखिएका सबै विकार अन्त्य गर्दै राजनीतिक दलले आफ्नो व्यवहार र कार्यशैलीमा परिवर्तन ल्याउन अब ढिलाइ गर्नु हुँदैन । लोकतन्त्रका निम्ति मूलधारका राजनीतिक दल तथा नेताले त्यस्ता किसिमका खतरा आउन नदिन बेलैमा सोच्नुपर्छ। सत्ता दुरुपयोग, दलीय झगडा र भ्रष्टाचार बढ्न गएमा तिनै अवाञ्छित प्रतिगामी शक्तिले खेल्ने मौका पाउँछन् ।

सङ्घीयता कार्यान्वयन र जनताको हितमा राज्य संयन्त्रको परिचालन व्यवस्थापिका, कार्यपालिका, न्यायपालिका, संवैधानिक अङ्ग र सम्पूर्ण सरकारी तथा सार्वजनिक संयन्त्र नेपाल र नेपालीको हितका लागि काम गर्ने राष्ट्रिय मूल प्रवाहमा आबद्ध एकअर्काका प्रवर्द्धक हुन् भन्ने आधारभूत शासकीय मान्यताका आधारमा वर्तमान सरकार सञ्चालन भइरहेको छ। त्यसका लागि सङ्घीयता कार्यान्वयन, प्रदेश तथा स्थानीय तहको सबलीकरण र समानुपातिक र समावेशी प्रणालीको संवैधानिक व्यवस्थालाई प्रभावकार ीरूपमा कार्यान्वयन गर्न आवश्यकताअनुसार कानून निर्माण र परिमार्जन गर्नेतर्फ वर्तमान सरकार अगाडि बढेको देखिन्छ । सरकार, राजनीतिक दलमा देखिने लोकतान्त्रिक चरित्र र व्यवहारमा नै जनताले उज्यालो भविष्य देख्न सक्छन् र मुलुकले समृद्धिको बाटो पहिल्याउन सक्छ।रासस

राष्ट्रपति निर्वाचन

# के ओलीसँग प्रचण्ड टाईम पासको लागि मात्रै मिटिङ गर्दैछन् ?



टुडे समाचारदाता

काठमाण्डु । राष्ट्रपतिको निर्वाचनको लागि उम्मेदवारी दिने मिति नजिकिएसँगै सत्ता गठबन्धनका मुख्य घटक दलहरु नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) का नेताहरुको दौडधुप बढेको छ । खासगरी सरकारको नेतृत्व गरिरहेका माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल र एमाले अध्यक्ष केपी शर्मा ओलीबीच दिनहुँजस्तै भेटवार्ता भैरहेको छ । हिजोमात्रै दुई नेताले बालकोटमा अढाई घण्टा लामो छलफल गरेका थिए । सो भेटवार्तालगत्तै ओली निवासमा नेपालका लागि चिनियाँ राजदूत सोङ पुगेका थिए।

चिनियाँ राजदूतको ओलीसँगको भेटवार्तालाई पनि राष्ट्रपतिको निर्वाचनको मुखमा भएको भेट भएर अर्थपूर्ण रुपमा हेरिएको छ । माओवादी केन्द्रमा भने कुनैपनि हालतमा एमालेलाई राष्ट्रपति नदिन दबाब छ। अधिकांश नेताहरु राष्ट्रपति कांग्रेसलाई दिएमात्रै राष्ट्रिय सहमति हुने भन्दै सोहीअनुसार लविङमा लागेका छन्। प्रधानमन्त्री दाहाल र ओलीबीचको भेटवार्ता सुखद् नभएकोबारे दुवै दलका नेताहरु जानकार छन् ।

तर, प्रचण्डले भने ओलीसँगको भेटवार्तापछि दिने प्रतिक्रियामा भने आफूहरुबीच सकारात्मक कुरा भएको र एक/दुई दिनभित्रै नतिजा आउने बताउने गरेका छन् । धेरैले प्रचण्डले एमालेलाई धोका दिन लागेको चर्चा गर्ने गरेका छन् । तर, प्रचण्डले भने आफू गठबन्धन जोगाउन लागिपरेको र छिट्टै राष्ट्रपतिको उम्मेदवार पनि सहमतिमै टुँगो लगाउने बताउने गरेका छन् ।

दाहाललाई ओलीले हिजोको भेटमा पनि पुष १० गते आफ्नै निवासमा भएको सहमति सम्झाएका थिए । दाहालले आफू सहमतिकै पक्षमा रहेको भएपनि मुलुकलाई सहमतिअनुसार अघि बढाउनुपर्ने भएकोले कांग्रेसलाई पनि मिलाएर लैजाने आफ्नो दायित्व भएको सम्झाउने गरेका छन् । एमाले नेताहरुले आफूहरुले कांग्रेसले धोका दिएका दाहाललाई प्रधानमन्त्री बनाएर गुण लगाएको बताउने गरेका छन् । र, अब आफूहरुलाई गुण लगाउने पालो प्रचण्डको भएको उनीहरुको भनाई छ।

तर, गुण तिर्ने बेलामा प्रचण्डले धोका दिन लागेको हो कि भन्ने उनीहरुको चिन्ता छ । कतिपयले दाहालले ओलीसँग गरेको भेटवार्ता र छलफललाई समय काट्ने मेसोको रुपमा पनि चर्चा गर्ने गरेका छन् । दाहालले राष्ट्रपतिको निर्वाचनलाई लिएर आफ्नो सत्ता लम्ब्याउने षड् यन्त्र गरेकोबारे एमाले र कांग्रेस दुवै दलका नेताहरुको बुझाई छ । ओलीले दाहालले धोका दिन लागेको बुझेर नै हालै सत्ता गठबन्धन लामो समय जानेबारे शंका व्यक्त गरेका थिए । उनले आफूहरु सत्ताकै लागि लतारिएर नजाने पनि अभिव्यक्ति दिएका छन्।

२६ पुषमा संसद्मा विश्वासको मत लिँदै गर्दा प्रधानमन्त्री दाहालले कांग्रेसको पनि मत पाएका थिए । कांग्रेसको पनि मत पाएपछि दाहालले राष्ट्रपतिको निर्वाचनमा साझा व्यक्तिको खोजी गरेका हुन् । उनमा एमालेसँग भय बाँकी नै रहेको छ । अढाई वर्षपछि सत्ताको नेतृत्व ओलीलाई सुम्पिनुपर्ने र राष्ट्रपति पनि एमालेकै हुँदा संविधानमाथि पूनः प्रहार हुने हो कि भन्ने आशंका पालेका दाहाल अहिले एमालेसँग भन्दापनि कांग्रेससँग मन बनाएर बसेका छन्।

कांग्रेसले राष्ट्रपति पाउने शर्तमा प्रचण्डलाई सरकारको नेतृत्व पाँच वर्ष नै सुम्पिने पनि प्रस्ताव गरेको छ। यदि दाहालले कांग्रेससँग सहमति नै गरेको हो भने ओलीसँग किन दिनहुँको बैठक गरेर टाईम पास गरेका हुन ? भन्दै प्रश्न पनि उठ्न थालेको छ।

# विश्व शान्ति स्थापनामा सेनाको योगदानको उच्च कदर गर्न चाहन्छु : राष्ट्रपति भण्डारी

काठमाण्डु । राष्ट्रपति विद्यादेवी भण्डारीले नेपाली सेनाले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा प्राप्त जिम्मेवारीलाई उत्कृष्ट ढङ्गले कार्यसम्पादन गर्दैआएको बताउनुभएको छ।

महाशिवरात्रि तथा सेना दिवसका अवसरमा स्वदेश तथा विदेशमा कार्यरत सेनाका सकलदर्जा र सैनिक परिवारजनमा सुख, शान्ति र समृद्धिका लागि शुभकामना व्यक्त गर्दै उहाँले सेना नेपालको सार्वभौमिकता, भौगोलिक अखण्डता तथा राष्ट्रियताको रक्षार्थ सदैव तत्पर रहेको उल्लेख गर्नुभयो ।

राष्ट्रपतिले शुभकामना सन्देशमा भन्नुभएको छ, "संवैधानिक जिम्मेवारी कुशलतापूर्वक बहन गर्दै आएको सेनाले लामो समयदेखि राष्ट्रको प्रतिरक्षा, आन्तरिक सुरक्षालगायत संयुक्त राष्ट्रसङ्घीय शान्ति सेनाको रूपमा विश्व शान्ति स्थापना कार्यमा पुऱ्याउँदै आएको योगदानको उच्च कदर गर्न चाहन्छु ।"

देश र जनताको सुरक्षालगायत विकास निर्माण र प्रकृति संरक्षणमा सेनाले अहम् भूमिका खेल्दै आएको बताउँदै सेनाका परमाधिपति भण्डारीले यस वर्ष भएका तीनै तहका निर्वाचनलाई सफलतापूर्वक सम्पन्न गराउन सेनाले खेलेको भूमिकाको प्रशंसा गर्नुभएको छ।

सोही उपलक्ष्यमा दिनुभएको शुभकामना सन्देशमा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले देश र जनताको सेवामा सेनाले देखाएको त्याग, समर्पण तथा सहयोगको लागि धन्यवाद ज्ञापन गर्नुभएको छ।

प्रधानमन्त्री दाहालले भन्नुभएको छ, "ऐतिहासिक परिवेश र परिदृश्यको सूक्ष्म निगरानी तथा विश्लेषण गर्दै देशको स्वतन्त्रता, सार्वभौमसत्ता, अखण्डता र स्वाधीनताको रक्षाका लागि नेपाल र नेपालीपनको पहरेदारको रूपमा स्थापित भएको यस सङ्गठनले देशको एकीकरणदेखि हालसम्म खेलेको भूमिका तथा योगदान सराहनीय छ।"

कठिन परिस्थितिमा समेत नेपाल र नेपालीका हितमा पुऱ्याएको योगदानले सेनाको महत्व र सार्थकतालाई मुखरित गरेको उल्लेख गर्दै उहाँले विकास निर्माण, अन्तर्राष्ट्रिय शान्ति, पर्यावरण संरक्षण, विपद् व्यवस्थापन, निर्वाचन सुरक्षा, खेलकुदमा आर्जन गरेको ख्याति, प्रदर्शन गरेको वीरता र अपनाएको व्यावसायिकताको प्रशंसा गर्नुभएको छ।

रक्षामन्त्री हरिप्रसाद उप्रेतीले महाशिवरात्रि तथा सेना दिवसका अवसरमा सेनाका सकलदर्जालाई हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्नुभएको छ।

स्थापनाकालदेखि नै नेपाली सेनाले निष्ठा र इमानदारीपूर्वक कर्तव्य निर्वाह गर्दै आएको बताउँदै उहाँले देशको स्वाधीनता, सार्वभौमसत्ता र भौगोलिक अखण्डताको रक्षा गर्ने सिलसिलामा जस्तोसुकै कठिन र प्रतिकूल अवस्थामा पनि सेनाले प्रदर्शन गरेको अविचलित अनुशासन, निष्ठा र बलिदानका गाथाको स्मरण गर्नुभएको छ।

रक्षामन्त्री उप्रेतीले सन्देशमा भन्नुभएको छ, "सेनाको गौरवशाली सङ्गठनको साङ्गठनिक सुदृढीकरण, जनशक्तिको विकास, स्रोत साधनको उचित व्यवस्थापन तथा प्रविधिको उच्चतम प्रयोगलगायतका क्षेत्रमा समयानुकूल आधुनिकीकरण र क्षमता विकास गर्न अत्यावश्यक छ। सुखी नेपाली र समृद्ध नेपाल राष्ट्रिय अभियानको पदचापमा सेनाको भूमिका महत्वपूर्ण रहनेछ।"

उहाँले राष्ट्रिय एकता र राष्ट्रिय हितहरूको संरक्षण गर्ने कार्यमा सेनाले विगतदेखि नै उल्लेखनीय कार्य गर्दै आइरहेको र बदलिँदो परिस्थितिमा सुरक्षा चुनौती र सेनाको भूमिकाबारे आफू जानकार रहेको उल्लेख गर्नुभएको छ।

यसैबीच, सेनाले महाशिवरात्रि तथा सङ्गठन स्थापनाको २६० औँ वार्षिकोत्सवकाअवसरमामुलुककोस्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता र राष्ट्रिय एकताको रक्षार्थ योगदान पुऱ्याउने सबैमा शुभकामना व्यक्त गरेको छ।

नेपाली सेनाले आज आफ्नो स्थापना दिवस मुलुकभर विभिन्न कार्यक्रम गरी मनाउँदैछ। सोही उपलक्ष्यमा काठमाडौँको टुँडिखेलमा राष्ट्रपतिको प्रमुख आतिथ्यतामा महाशिवरात्रि बढाइँसहितको विशेष कार्यक्रम हुँदैछ।

राष्ट्रपतिबाट टुँडिखेलमा महाशिवरात्रि बढाइँ अवलोकन

राष्ट्रपति विद्यादेवी भण्डारी महाशिवरात्रि तथा २६०औँ सेना दिवसका अवसरमा नेपाली सेनाद्वारा सैनिक मञ्च टुँडिखेलमा आज आयोजित विशेष समारोहमा सरिक हुनुभयो।

सो अवसरमा राष्ट्रपति भण्डारीबाट त्यहाँस्थित सैनिक स्मारकमा पुष्पहार अर्पण गरी श्रद्धाञ्जली व्यक्त गर्नुका साथै नेपाली सेनाद्वारा अर्पण गरिएको सलामी ग्रहण गर्नुभयो। राष्ट्रपति भण्डारी नेपाली सेनाका परमाधिपति हुनुहुन्छ । नेपाली सेनाले महाशिवरात्रिको दिनलाई सेना दिवसका रूपमा मनाउँदै आएको छ । शास्त्रीय मान्यताअनुसार शिवलाई शान्ति र सुरक्षाको प्रतीकका रूपमा लिने गरिन्छ।

समारोहमा राष्ट्रपति भण्डारीले नेपाली सेना, सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयद्वारा प्रकाशित 'सिपाही-२०७९ वार्षिक पत्रिका र (विसं १८७२-२००७) नेपाली सेनाको इतिहास'को विमोचन गर्नुभयो । उहाँले 'फ्री फल जम्प'मा प्रथम हुने सेनानी जगनाथ दनाई र दोस्रो हुने सेनानी टेकबहादुर कार्कीलाई पुरस्कार प्रदान गर्नुभयो । राष्ट्रपति भण्डारीले सेना दिवस समारोहमा ब्याण्ड प्रस्तुत गर्नुहुने भारतीय र बेलायती सेनामा कार्यरत गोर्खा ब्याण्ड समूहका प्रमुखलाई उपहार प्रदान गर्नुभयो।

यसअघि सेनाको हेलिकप्टरले पुष्पवृष्टि गर्नाका साथै राष्ट्रिय झण्डा र 'सेना दिवस-२०७९' लेखिएको ब्यानर प्रदर्शन गरियो । त्यस अवसरमा सेनाले राइफल र तोपबाट महाशिवरात्रि बढाइँ र कवाज प्रस्तुत गरेको थियो । समारोहमा सेनाले विभिन्न रणकौशल तथा परम्परागत वेषभूषा झल्कने विविध कला, नृत्य र सङ्गीतको धुन प्रदर्शन गरियो । कार्यक्रममा मार्चपास, पिटी र तेक्वान्दो प्रस्तुत गरियो। सो अवसरमा नेपाली सेनाले प्रयोग गर्दै आएका विभिन्न खालका सवारीसाधन, उपकरण र हातहतियारको समेत प्रदर्शन गरिएको थियो।

उपराष्ट्रपति नन्दबहादुर पुन, प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड', कामु प्रधानन्यायाधीश हरिकृष्ण कार्की र सभामुख देवराज घिमिरे समारोहमा उपस्थित हुनुहुन्थ्यो। समारोहमा मन्त्रिगण, सांसद, संवैधानिक निकायका प्रमख एवं पदाधिकारी, नेपाल सरकारका उच्चपदस्थ अधिकारी, सुरक्षा निकायका प्रमुख, नेपालस्थित कूटनीतिक नियोगका प्रमुख एवं प्रतिनिधि तथा समाजका लब्ध प्रतिष्ठित महानुभाव पनि शिवरात्रिको बढाइँ हेर्न टुँडिखेल पुग्नुभएको थियो । समारोहमा भारतीय सेनाका पाँच पूवप्रमुख अतिथिका रूपमा सहभागी हुनुहुन्थ्यो।

शिवरात्रिको बढाइँ हेर्न टुँडिखेल वरपर सर्वसाधारणको घुइँचो लागेको थियो । उक्त समारोहको नेपाल टेलिभिजनलगायत विद्युतीय सञ्चार माध्यमले प्रत्यक्ष प्रसारण गरेका थिए। समारोहपछि प्रधानसेनापति प्रभुराम शर्माले समाजका विभिन्न क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउने व्यक्तिलाई प्रधानसेनापति प्रशंसा पदक प्रदान गर्नुभयो ।रासस

## राष्ट्रपतिद्वारा पशुपतिनाथ मन्दिरमा पूजा आराधना



काठमाण्डु । महाशिवरात्रिको अवसरमा राष्ट्रपति विद्यादेवी भण्डारीले पशुपतिनाथ मन्दिरमा पूजा आराधना एवं दर्शन गर्नुभएको छ। पूजा आराधनापछि पशुपतिनाथ मन्दिरका मूल भट्ट गणेश भट्टबाट राष्ट्रपति भण्डारीले प्रसाद ग्रहण गर्नुभएको छ।

यसअघि राष्ट्रपति भण्डारी पशुपतिनाथ मन्दिर प्राङ्गणमा आउनुहुँदा पशुपति क्षेत्र विकास कोष सञ्चालक परिषद्का अध्यक्षसमेत रहनुभएका संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किराँती, कोषका सदस्यसचिव डा मिलनकुमार थापा, कोषाध्यक्ष नारायणप्रसाद सुवेदी, परिषद्का सदस्यहरू, कार्यकारी निर्देशकलगायतका कर्मचारीले स्वागत गर्नुभएको थियो।

महाशिवरात्रिको अवसरमा पशुपतिनाथ मन्दिरमा पूजा आराधना एवं दर्शन गर्ने परम्परा रहिआएको छ । पशुपतिनाथ मन्दिरमा अहिले पनि दर्शनका लाीग लाखौँको सङ्ख्यामा भक्तजन लामबद्ध छन्।

महाशिवरात्रिको अवसरमा आइतबार बिहान ७ बजेसम्म पशुपतिनाथ मन्दिरका चारवटै ढोका खुला रहने कोषका प्रवक्ता रेवतीरमण अधिकारीले जानकारी दिनुभयो। उहाँका अनुसार आज बिहान ३ बजेदेखि चारवटै ढोका खुला गरिएको थियो।

महाशिवरात्रिको अवसरमा गोबर्द्धन मठका शङ्कर आचार्य निश्चलानन्द सरस्वतीसहित पाँच हजार साधुसन्त पशुपति क्षेत्रमा आएको कोषले जनाएको छ । पशुपति क्षेत्रमा महाशिवरात्रिको अवसरमा पाँच हजार सुरक्षाकर्मी र चार हजार स्वयंसेवक खटाइएको छ ।रासस

# स्वदेशी वस्तुको बजारीकरण अहिलेको आवश्यकता : अर्थमन्त्री पौडेल




काठमाण्डु । उपप्रधान तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले स्वदेशमा उत्पादन भएका वस्तुको बजारीकरण अहिलेको महत्वपूर्ण आवश्यकता रहेको बताउनुभएको छ। मेलाले देशभरकै उद्यमीहरूलाई आफ्ना उत्पादनको प्रचार-प्रसारमा सहयोग पुऱ्याउने भन्दै उहाँले भन्नुभयो, "देशमै रोजगारी सिर्जना र कृषिजन्य उत्पादनको आधुनिकीकरणमा मेला उपयोगी हुनेछ।'

नेपाल घरेलु तथा साना उद्योग महासङ्घले आयोजना गरेको औद्योगिक प्रदर्शनी समापन समारोहलाई शनिवार सम्बोधन गर्दै अर्थमन्त्री पौडेलले घरेलु उद्यमी तथा उनीहरूका उत्पादनलाई बजारीकरण गर्ने कार्यमा अर्थ मन्त्रालय सहयोग गर्न सधैँ तयार रहेको बताउनुभयो।

दुई लाख ५० हजार अवलोकनकर्ताका साथै रु पाँच करोडको कारोबार गर्दै नेपाल १६औँ अन्तर्राष्ट्रिय औद्योगिक व्यापार मेला आज सम्पन्न भएको हो।

महासङ्घका अध्यक्ष उमेशप्रसाद सिंहले मेला आयोजना गर्न विभिन्न कठिनाइ रहँदारहँदै पनि उपप्रधान तथा अर्थमन्त्री पौडेल तथा उद्यमीको सहयोग गर्ने आश्वासनले मेलाको आयोजना गरिएको बताउनुभयो । मेलाले देशभरकै उत्पादन प्रवर्द्धनमा सहयोग पुऱ्याउने उहाँले बताउनुभयो। सरकार स्वदेशी उत्पादन तथा बजारीकरणमा सहयोग पुऱ्याउन गम्भीर भएर लाग्नुपर्ने उहाँको भनाइ थियो।

धेरै समस्या हुँदाहुँदै पनि मेला सफलतापूर्वक सम्पन्न गर्न सहयोग पुऱ्याउने सबैलाई धन्यवाद दिँदै मेला संयोजक शोभा गुरुङले भन्नुभयो, "देशको औद्योगिक क्रान्तिमा घरेलु उद्यमीहरूले गरेको योगदानको उचित कदर हुनसकेको छैन।'

मेलामा कति खरिद-बिक्री भयो, कति मान्छे आए भन्नुभन्दा पनि स्वदेशी वस्तुको बजारीकरण कति हुनसक्यो त्यो महत्वपूर्ण रहेको मेला संयोजक गुरुङको भनाइ छ। सरकारले आगामी दिनमा सहयोग गर्ने प्रतिबद्धता गरेकाले र सबै उद्यमी व्यवसायीको सहयोगमा आगामी दिनमा पनि मेलाको आयोजना गरिने उहाँको भनाइ थियो।

स्वदेशी उत्पादनको प्रवर्द्धन गर्ने उद्देश्यले महासङ्घले हरेक वर्ष आयोजना गर्दै आएको औद्योगिक प्रदर्शनी यसपटक यही फागुन २ देखि राजधानीको प्रदर्शनीमार्गस्थित भृकुटीमण्डप परिसरमा आयोजना भएको थियो।

महोत्सवमा प्राकृतिक रेशाजन्य उत्पादन, कर्णालीका खाना परिकार तथा स्थानीय मौलिक उत्पादनहरूमा अवलोकनकर्ता तथा उपभोक्ताको आकर्षण देखिएको थियो । प्रदर्शनीमा अल्लो, सिस्नो, केरा, गाँजा, बाँस, केतुकी, भुइँकटहरलगायत प्राकृतिक रेशाबाट बनेका कपडाका उत्पादन, कर्णालीका मौलिक परिकार (कर्नालीको अन्नी) सेटमा जौँको लड्डु, फापरको मःम, मार्सीको खिर, चिनोको सेल उपभोक्ताले निकै मन पराएका थिए।

यसैगरी राउटे समुदायले बनाएका काठका सामग्री, तेह्रथुमको ढाका, सङ्खुवासभाको करुवा, भोजपुरको खुकुरी, जैविक स्रोतबाट बनेका श्रङ्गारको सामग्री तथा महबाट बनेका सौन्दर्य प्रसाधनका सामग्री, जैविक तथा आयुर्वेद उपचार प्रक्रियामा उपयोग गरिने प्राकृतिक औषधीय सामग्री, मसला, छोप, हस्तकलाका उत्पादनलगायतका सामग्रीमा पनि उपभोक्ताको आकर्षण रहेको थियो। रासस

# लोकसेवा आयोग योग्य जनशक्तिको जननी : प्रदेश प्रमुख

कर्णाली । कर्णाली प्रदेशका प्रदेश प्रमुख तिलक परियारले लोकसेवा आयोग योग्य एवं सक्षम जनशक्तिको जननी भएको बताउनुभएको छ।

कर्णाली प्रदेश लोकसेवा आयोगको शनिबार परेको दोस्रो वार्षिकोत्सवका अवसरमा बोल्दै प्रदेश प्रमुख परियारले आयोग योग्य, क्षमतावान् र कर्मठ कर्मचारी जन्म दिने भएकाले यसको क्षमता विकास गर्नुपर्ने सुझाव दिनुभयो।

संविधानले दिएको अधिकार र सङ्घीयताको भावनाअनुरुप समावेशिताका आधारमा निजामती क्षेत्रमा चाहना भएका उम्मेदवारहरूले आयोगलाई ठूलो विश्वास गरेको उहाँले जनाउनुभयो । आयोगले छोटो समयमै धेरै उल्लेखनीय काम गरेर सेवा प्रवाह चुस्त र कामलाई सहज बनाउन विशेष योगदान पुऱ्याएको भन्दै प्रदेश प्रमुखले आयोगप्रति कृतज्ञता प्रकट गर्नुभयो।

दिवसमा मुख्यमन्त्री राजकुमार शर्माले नेपालमा प्रशासनिक सङ्घीयता कार्यान्वयन हुन नसकेको टिप्पणी गर्दै यसमा प्रभावकारिता आवश्यक भएको बताउनुभयो । उहाँले भन्नुभयो, "शिक्षा प्रणाली एकातिर, कार्यसम्पादन अर्कोतिर भएकाले सक्षम कर्मचारीले मात्र सही दिशा दिन सक्छन्।'

कर्णाली प्रदेशका प्रमुख सचिव डा गोपीकृष्ण खनालले प्रदेश निजामती सेवा ऐनको मस्यौदा तयार गर्ने काम भइरहेको बताउनुभयो । "आयोगले प्रशासनिकभन्दाप्राविधिककर्मचारी पूर्ति गर्नुपर्ने छ। सरकारले त्यसका लागि आवश्यक माग गर्छ', उहाँले भन्नुभयो । उहाँले कर्मचारीको सेवा सुविधा थप गर्नुपर्नेमा समेत जोड दिनुभयो।

बीरेन्द्रनगर नगरपालिकाका प्रमुख मोहनमाया ढकालले प्रदेश निजामती सेवा ऐन नबनेकाले स्थानीय तहमा कर्मचारी अभाव भएको बताउनुभयो। कतै कर्मचारी धेरै भए भने कतै कर्मचारी अभाव हुने गरी बनेको खाडल पूर्ति गर्न जतिसक्यो छिटो निजामती ऐन ल्याउन प्रदेश सरकारलाई सुझाउनुभयो।

आयोगका अध्यक्ष रामप्रसाद उपाध्यायले विभिन्न अन्योलताका बीचबाट काम गर्न थाले पनि आयोगले छोटो समयमै सफल कार्यसम्पादन गरेको बताउनुभयो । उहाँले दुई वर्षमा विभिन्न पदमा डेढ लाख आवदेनमध्ये आठ सय ६० जना योग्य उम्मेदवारलाई छनोट गरी स्थायी नियुक्ति गर्न सिफारिस गरिएको उहाँको भनाइ थियो। पछिल्लो समय निजामती आकर्षण बढ्दै जाँदा आयोगलाई जिम्मेवारी र चुनौती दुवै थपिएको अध्यक्ष उपाध्यायले बताउनुभयो।

प्रदेश लोकसेवा आयोगका सचिव नारायणप्रसाद भट्टराईले दुई वर्षमा पाँचौँ तहमा चार सय ७६ जना र चौथो तहमा तीन सय ८४ जना नियुक्त भएको जानकारी दिनुभयो। आयोगको सक्रियताले रिक्त दरबन्दी पूर्ति भइ सेवा तथा विकास निर्माण सञ्चालनमा सहयोग पुगेको उहाँको भनाइ थियो ।रासस

# कांग्रेस नेता भण्डारीको स्वास्थ्य अवस्था : सबै 'पारामिटर नर्मल'

काठमाण्डु । ग्यास सिलिण्डर चुहिएर घाइते हुनुभएका नेपाली कांग्रेसका नेता एवं प्रतिनिधिसभा सदस्य डा चन्द्रकान्त भण्डारीको पछिल्लो स्वास्थ्य अवस्थाको रिपोर्टअनुसार सबै 'पारामिटर नर्मल' रहेको देखिएको छ।

उहाँको पहिलो शल्यक्रिया शुक्रबार सफलतापूर्वक सम्पन्न भएको थियो। नेता भण्डारीको थप उपचार बिहीबारदेखि भारतको मुम्बईस्थित नेशनल बर्न सेन्टरमा भइरहेको छ । डा धनन्जयका अनुसार अहिले बिहान नेता भण्डारीको सबै पारामिटर नर्मल रहेको उपचार समन्वयमा सँगै रहनुभएका कांग्रेस नेता योगराज कँडेलले जानकारी दिनुभयो।

पहिलो शल्यक्रिया गर्दा दायाँ खुट्टामा 'डिप इन्ज्यूरी' रहेका कारण सोचेभन्दा धेरै समय लागेको र 'अब्जरवेसन' पनि कम्तीमा एक-दुई घण्टा राख्नुपर्ने नियम रहेको कारण दोस्रो सर्जरी गर्न नसकिएको जानकारी डा मुकेशबाट प्राप्त भएको नेता कँडेलको भनाइ छ।

नेता भण्डारीको फोक्सोको तल्लो भागमा मात्र कार्बन मोनोअक्साइडको मात्रा देखिएको र चिकित्सकको भनाइअनुसार हाल तल्लो भागमा मात्र रहेकाले हृदयमा असर नपर्ने बताइएको छ। बुधबार राति आफ्नो निवासमा ग्यास सिलिन्डर चुहिएर सांसद डा भण्डारीसहित उहाँकी आमा हरिकला भण्डारी घाइते हुनुभएको थियो।

घट्नालगत्तै उहाँहरू दुवैजनाको कीर्तिपुरस्थित कीर्तिपुर बर्न अस्पतालमा उपचार गरिएको थियो । आमा हरिकलाको भने उपचारका क्रममा बिहीबार बिहान निधन भएको थियो।

नेता डा भण्डारीलाई नेपालमा यथोचित उपचार सम्भव नभएपछि बिहीबार नै श्री एयरलाइन्सको विमानमार्फत भारतको मुम्बईस्थित नेशनल बर्न सेन्टरमा थप उपचारका लागि लगिएको थियो। नेता भण्डारीको दुवै हात र दुवै गोडा गरी २५-३० प्रतिशत जलन भएको थियो। रासस

# मादलमा सेनाको विश्व रेकर्ड

काठमाण्डु । नेपाली सेनाले एकैपटक पाँच सय ५५ वटा नेपाली मौलिक बाजा मादल बजाएर विश्व कीर्तिमान कायम गरेको छ।

महाशिवरात्रि तथा सेना दिवसका अवसरमा शनिबार सैनिक मञ्च टुँडिखेलमा आयोजित समारोहमा प्रधानसेनापति प्रभुराम शर्मालाई सेनाले मादलमा कायम गरेको कीर्तिमानको प्रमाणपत्र गिनिजबुक अफ वर्ल्डका नेपाल प्रतिनिधि हस्तान्तरण गर्नुभयो।

सेनाले सङ्गठन स्थापनाको दुई सय ६०औँ वार्षिकोत्वका अवसरमा टुँडिखेलमा यही फागुन ४ गते उक्त सङ्ख्यामा मादल बजाएर विश्व रेकर्ड कायम गरेको प्रमाणपत्र संस्थाका नेपाल प्रतिनिधि सागर कटुवालले आज हस्तान्तरण गर्नुभएको हो।

मादल नेपाली समाजमा अत्यधिक प्रयोगमा आउने बाजामध्ये प्रमुख मानिन्छ । नेपाली मौलिक चाड दशैँ, तिहार, सक्रान्ति, देउसी, भैलो, जात्रालगायतका अरु विभिन्न चाडपर्वमा सबै जाति र समुदायले अपनत्व ग्रहण गर्ने साझा बाजाका रूपमा मादललाइ लिने गरिन्छ।

गिनिजबुक अफ वर्ल्ड रेकर्डस् संस्थाका नेपाल प्रतिनिधि सागर कटुवालले मुलुकभरबाट जम्मा भएका सेनाका मादल बादकले कायम गरेको रेकर्डको प्रमाणपत्र हस्तान्तरण गरिएको जानकारी दिनुभयो।

उहाँले भन्नुभयो, "नेपालको मौलिक बाजा मादललाई प्रवर्द्धन गर्ने हिसाबले भएको नौलो र पहिलो प्रयास थियो, सेनाले यसलाई सम्पन्न गऱ्यो । ठूलो सङ्ख्याले एकै पटक विभिन्न तालमा बजाएर कायम गरेको रेकर्ड वर्ल्ड रेकर्डमा सङ्ग्रहित गरेका छौँ।'

मादल बज्नासाथ प्रत्येक व्यक्तिको मनमा सङ्गीतको तरङ्ग चल्छ । हाम्रो संस्कृतिसँग जोडिएको विशिष्ट पहिचान जोडिएको बाजा मादल नै हो । रासस

# अफ्रिकामा बढ्दो हिंसाप्रति संयुक्त राष्ट्रसङ्घका महासचिवद्वारा चिन्ता व्यक्त

**एएफपी**

अदिस अबाबा । संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेर्रेसले अफ्रिका महाद्वीपमा बढ्दो हिंसाविरुद्ध लड्न र लोकतान्त्रिक स्वतन्त्रताको प्रवर्द्धन र 'शान्तिका लागि कदम चाल्नुपर्ने' बताउनुभएको छ।



अदिस अबाबामा अफ्रिकी सङ्घ (एयू) को वार्षिक शिखर सम्मेलनको उद्घाटन सत्रमा गुटेर्रेसले भन्नुभयो, "प्रजातान्त्रिक गणतन्त्र कङ्गोको पूर्वी क्षेत्रमा सशस्त्र समूहहरूद्वारा हालै गराएका हिंसा र साहेल र अन्य ठाउँमा आतङ्कवादी समूहहरूको उदयप्रति म 'निकै चिन्तित' छु।

प्रजातान्त्रिक गणतन्त्र कङ्गोको पूर्वी क्षेत्र, साहेल र अन्य क्षेत्रमा युद्धविरामका लागि अफ्रिकी नेताहरूले दबाब दिन बैठक गरिरहेका छन् जहाँ एम २३ लडाकूले धेरै भूभाग कब्जा गरेको छ र किन्सासा र रुवान्डाबीच कूटनीतिक विवाद उत्पन्न गरेको छ, जसलाई विद्रोहीहरूलाई समर्थन गरेको आरोप लगाइएको छ।

सन् २०२० देखि माली, गिनी र बुर्किना फासोजस्ता साहेल राष्ट्रमा 'कू' को लहर चलेको छ।

गुर्टेसले भन्नुभयो,शान्तिका संयन्त्रहरू कमजोर हुँदै गएका छन्। अफ्रिकी सङ्घले 'शान्तिका लागि लडाइँ जारी राख्न' आग्रह गर्नुभयो।

संयुक्त राष्ट्रसङ्घका प्रमुखले अफ्रिकाले 'ठूलो परीक्षणको सामना गर्नुपरेको' बताउनुभएको छ । लगभग हरेक मोर्चामा, ' महाद्वीपले युक्रेनमा रूसी आक्रमण र जलवायु परिवर्तनसहित उत्पन्न गर्ने धेरै सङ्कटहरू'को सामना गरिरहेको थियो।

उहाँले भन्नुभयो, "जलवायु परिवर्तनको क्रुर प्रभावका कारण यस महादेश बाढी, खडेरी, अनिकाल र गर्मीको चपेटामा परेको छ।

शुक्रबार भएको छोटो सम्मेलनमा सात राष्ट्रको पूर्वी अफ्रिकी समुदायका नेताहरूले सबै सशस्त्र समूहलाई अर्को महिनाको अन्त्यसम्ममा पूर्वी डीआरसीको कब्जामा रहेका क्षेत्रहरूबाट फिर्ता हुन आह्वान गरेका छन्।

गुटेर्रेसले शुक्रबार विशेषगरी कङ्गोको सङ्कटबारे रूवान्डाका राष्ट्रपति पल कागामेसहित केही अफ्रिकी नेतासँग छलफल गर्नुभएको थियो । सेना निकट सरकार रहेका माली, बुर्किना फासो र गिनीले यस हप्ताको अन्त्यमा हुने शिखर सम्मेलनमा भाग लिन पाउने छैनन् । तर तीनै देशका कूटनीतिज्ञहरू अदिस अबाबामा पुनः सहभागीका लागि दबाब दिन पुगेका छन्।

गुटेर्रेसले भन्नुभयो, "बुर्किना फासो, गिनी, माली र सुडानमा नागरिक र लोकतान्त्रिक ढङ्गबाट निर्वाचित सरकारको पुनर्स्थापनाका लागि तपाईंको आह्वानलाई म समर्थन गर्दछु।'

महाद्वीपका ५५ देशलाई एकै ठाउँमा ल्याउने दुई दिने शिखर सम्मेलनले स्वतन्त्र व्यापार सम्झौतामा फड्को मार्ने लक्ष्य राखेको छ।

# तीन ब्याटरले अर्धशतक प्रहार गरेपछि नेपालले नामिबियालाई हरायो

**टुडे समाचारदाता**

काठमाण्डु । आइसिसी विश्वकप लिग-२ अन्तर्गत नामिबिया,नेपाल र स्कटल्यान्डबीचको त्रिकोणात्मक एकदिवसीय सिरिजमा नेपालले लगातार तेस्रो खेलमा जित हात पारेको छ। शनिबार कीर्तिपुरस्थित त्रिवि मैदानमा नेपालले नामिबियालाई ३ विकेटले पराजित गऱ्यो।




यसअघि नेपालले पहिलो खेलमा नामिबियालाई २ विकेट र दोस्रो खेलमा स्कटल्यान्डलाई ३ विकेटले हराएको थियो। नामिबियाले दिएको २७५ रनको लक्ष्य नेपालले ७ विकेट गुमाएर ४७.३ ओभरमा पूरा गऱ्यो।

नेपालका लागि तीन ब्याट्सम्यानले अर्धशतक प्रहार गरे। ओपनर आसिफ शेखले ८१ रनको योगदान गरे। उनले ९८ बलमा ८ चौका र २ छक्का प्रहार गरे । यस्तै ज्ञानेन्द्र मल्लले ६५ रन जोडे। उनले ७४ बलमा ५ चौका र ३ छक्का प्रहार गरे।

युवा ब्याट्सम्यान कुशल मल्लले पनि लगातार दोस्रो अर्धशतक प्रहार गर्ने क्रममा ६२ रनको योगदान गरे। उनले ४९ बलमा ६ चौका र ४ छक्का हिर्काए । ज्ञानेन्द्र र आसिफबीच दोस्रो विकेटका लागि १३९ रनको कीर्तिमानी साझेदारी भएको थियो। यो नेपालका लागि एकदिवसीय खेलमा सबैभन्दा ठूलो साझेदारी हो।

अर्का ओपनर कुशल भुर्तेल १ रनमा आउट भए भने दीपेन्द्रसिंह ऐरीले पनि १ रन मात्र जोड्न सके। कप्तान रोहित पौडेल ३९ रन र सन्दीप जोराले ३ रन मात्र जोड्न सके। विजयी चौका हिर्काएका सोमपाल कामीले नटआउट ८ रन जोडे।

नेपालले पछिल्लो पाँच ओभरमा चार विकेट गुमाएको थियो। बलिङमा नामिबियाका ट्रम्पलम्यानले ३ विकेट लिए भने बेर्नाल्ड स्कोल्ट्जले २ विकेट हात पारे। त्यसअघि टस जितेको नेपालले फिल्डिङ रोजेपछि पहिले ब्याटिङ गरेको नामिबियाले ५० ओभरमा ६ विकेटको क्षतिमा २७४ रन जोड्यो।

नामिबियाका लागि जेन ग्रिनले नटआउट ७५ रन जोडे। उनले ६३ बलमा ११ चौका र १ छक्का प्रहार गरे। ये फ्रान्सले ४९ रन जोड्दा ओपनर लो लाउरेन्सले ४१ रन जोडे। बलिङमा नेपालका सन्दीप लामिछानले ३ विकेट लिए। उनले १० ओभरमा ४६ रन खर्चिए। करण केसीले १ विकेट हात पारे। सिरिजमा नेपालले मंगलबार अन्तिम खेलमा स्कटल्यान्डसँग भिड्नेछ।

लिग-२ मा स्कटल्यान्ड च्याम्पियन भइसकेको छ। लिग-२ को शीर्ष टिम स्कटल्यान्डले ३४ खेलबाट ४८ अंक जोडेको छ। दोस्रो स्थानको ओमानले आफ्ना सबै ३६ खेल खेल्दा ४४ अंक जोडेको छ। तेस्रो स्थानको नामिबियाले अन्तिम ३३ खेलबाट ३७ अंक जोडेको छ। चौथो स्थानको अमेरिकाले सबै ३६ खेलबाट ३५ अंक जोडेको छ। यो अवस्थामा अब स्कटल्यान्डले बाँकी सबै खेल हारे पनि शीर्ष स्थान गुमाउने छैन। लिग-२ मा नेपाल छैटौं स्थानमा छ। नेपालले लिग-२ मा आफ्ना ९ खेल खेल्न बाँकी छदा २५ खेलबाट २४ अंक जोडेको छ। नेपालभन्दा माथि रहेको पाँचौ स्थानको युएईको २६ खेलबाट २७ अंक छ। पुछारको पिएनजीको २८ खेलबाट ५ अंक मात्र छ।

लिग-२ का शीर्ष तीन टिम विश्वकप छनोटमा पुग्नेछन्। बाँकी चार टिमले क्वालिफायर प्लेअफ खेल्नु पर्नेछ। लिग-२ बाट स्कटल्यान्ड र ओमान विश्वकप छनोटमा पुगिसकेका छन्। अब बाँकी एक स्थानका लागि नामिबिया, नेपाल र युएईबीच प्रतिस्पर्धा छ। जसमा नामिबिया बलियो स्थानमा रहदा नेपाललाई शीर्ष तीनमा पर्न कठिन छ।

आइसिसीले क्रिकेट विश्वकप २०२३ को छनोटका लागि तीन वटा लिग गरिरहेको छ। जसमा टेस्ट मान्यता प्राप्त १२ टिम र नेदरल्यान्ड्स गरी १३ टिमबीच सुपर लिग, नेपालसहित सात एकदिवसीय मान्यता प्राप्त टिमबीच लिग-२ र एसोसिएट टिमबीच प्रतिस्पर्धा भएको च्यालेन्ज लिग रहेका छन्।

सुपर लिगबाट ७ टिम र आयोजक भारत गरी आठ टिम विश्वकप २०२३ मा पुग्नेछन्। अब दुई स्थानका लागि सुपर लिगका पाँच टिम, लिग-२ का तीन टिम र क्वालिफायर प्लेअफका दुई टिम गरी १० टिमबीच छनोट प्रतियोगिता हुँदैछ। क्वालिफायर प्लेअफमा लिग-२ का चार टिम र च्यालेन्ज लिगका दुई टिम गरी छ टिमबीच प्रतिस्पर्धा हुनेछ।

# अष्ट्रेलिया भारतको जी-२० अध्यक्षताको सबैभन्दा बलियो समर्थक


**एएनआई**

सिड्नी । अष्ट्रेलियाका उद्योग, ऊर्जा र उत्सर्जन न्यूनीकरण मन्त्री क्रिस बोवेनले भारतको जी-२० अध्यक्षको अष्ट्रेलिया सबैभन्दा बलियो समर्थक रहेको बताएका छन्। उनले आफ्नो देशले भारतलाई हर सम्भव तरिकामा समर्थन गर्ने पनि उल्लेख गरेका छन्।

"अष्ट्रेलिया जत्तिको भारतको जी-२० को अध्यक्षता को बलियो समर्थक अरु कुनै शैन । हामी तपाईंलाई हरसम्भव तरिकाले समर्थन गर्नेछौं," बोवेनले अस्ट्रेलियामा रायसिनाको (सिड्नी) प्रमुख वक्ताको हैसियतबाट सो धारणा राखेका हुन्।

"भारतको लागि जी-२० को अध्यक्षता गर्न यो उत्कृष्ट वर्ष हो र मेरो विचारमा भारतले स्वच्छ ऊर्जा मन्त्रीस्तरीय पनि बैठकको पनि अध्यक्षता गरोस्।" मन्त्रीले भन्नुभयो।

# थप बाह्र अफ्रिकी चितुवा भारतमा



**सिन्ह्वा**

नयाँ दिल्ली । दक्षिण अफ्रिकाबाट पाँच पोथी र सात भालेसहित १२ वटा चितुवा भारतको मध्य प्रदेश राज्यमा शनिबार ल्याइएको छ।

भारतीय वायु सेनाको सी-१७ विमानले १२ वटा चितुवाको समूह लिएर जोहानेसबर्गबाट उडेको १० घण्टापछि मध्य प्रदेशको ग्वालियर शहरमा रहेको एयरफोर्स स्टेसनमा अवतरण गरेको सैनिक स्रोतले जनाएको छ। यसअघि,पाँच महिना पहिले नामिबियाबाट ल्याइएका आठ वटा चितुवालाई कुनो राष्ट्रिय निकुञ्जमा छाडिएको थियो।

योसँगै भारतमा अफ्रिकी चितुवाको कूल सङ्ख्या २० पुगेको छ । सन् १९५२ मा चितुवालाई भारतबाट लोप भएको घोषणा गरिएको थियो। भारत सरकारको महत्वकाङ्क्षी स्थानान्तरण परियोजना 'प्रोजेक्ट चीता' अन्तर्गत भारतमा चितुवाको स्थानान्तर गर्न सुरुवात भएको हो।

# हिमपहिरोका कारण किर्गिस्तानको नारिन ओब्लास्टमा आपतकाल घोषणा

**सिन्ह्वा**

बिश्केक । किर्गिजस्तानले नारिन ओब्लास्टमा हिमपहिरोका कारण आपतकालीन अवस्थाको घोषणा गरेको छ। आपतकालीन अवस्था मन्त्रालयको प्रेस सेवाले शुक्रबार यस बारे उललेख गरेको छ।

बिश्केक-नारायण-टोरुगार्ट राजमार्गमा हिमपहिरोका कारण सम्भावित खतराका कारण नारिन ओब्लास्टका गभर्नरले आपतकालीन अवस्थाको घोषणा गरेका छन्।

अहिले उद्धारकर्ता र विशेष उपकरणसहित सरसफाईको कामलाई तीव्रता दिइएको छ। प्रारम्भिक जानकारी अनुसार हिमपहिरोका कारण कुनै पनि क्षति नभएको बताइएको छ।

# पोखरा अन्तर्राष्ट्रिय म्याराथनको उपाधि केन्याका स्टेफनलाई

कास्की । सत्रौं संस्करणको पोखरा अन्तर्राष्ट्रिय म्याराथनको उपाधि केन्याका स्टेफन कोसेइलीले जित्नुभएको छ ।पोखरामा आज सम्पन्न म्याराथन (४२.१९५) किमी दौडस्टेफनले दुई घण्टा २० मिनेट सात सेकेन्डमा पूरा गरी उपाधि जित्नुभएको हो । उहाँ १६औं संस्करणको समेत विजेता हुनुहुन्छ।




अघिल्लो पटक निर्धारित दूरी स्टेफनले दुई घण्टा १९ मिनेट ४३ सेकेन्डमा पार गर्नुभएको थियो । उपाधिसँगै उहाँले रू पाँच लाख पुरस्कार पाउनुभयो । उपाधि विजेता स्टफेनले पोखरा अत्यन्त सुन्दर सहर भएको भन्दै गत वर्षको तुलनामा पुरस्कार राशिसमेत धेरै भएकामा आफू हर्षित भएको प्रतिक्रिया दिनुभयो।

यसैगरी केन्याकै धावक जुलियस मोरियकीदुई घण्टा २० मिनेट ३७ सेकेन्डमा निर्धारित दूरी पार गरी दोस्रो हुनुभयो । उहाँले रू तीन लाख पुरस्कार प्राप्त गर्नुभयो । यस्तै नेपाली सेनाका धावक होमलाल श्रेष्ठ तृतीय हुनुभयो । उहाँले रू दुई लाख पुरस्कार पाउनुभयो । श्रेष्ठले निर्धारित दूरी दुई घण्टा २५ मिनेट १४ सेकेन्डमा पार गर्नुभएको थियो। केन्याकै सिमोन म्याराथनमा चौथो बन्दै रू ३० हजार पुरस्कार पाउनुभएको छ । उक्त म्याराथनमा १६ देशका २९ विदेशीसहित दुई सयभन्दा बढी धावकले प्रतिस्पर्धा गरेका थिए।

**हाफ म्याराथनमा पुलिसका राजपुराको ह्याट्रिक**

यसैगरी पोखरा म्याराथनअन्तर्गतको महिला हाफ म्याराथनको उपाधि नेपाल प्रहरीका राजपुरा पछाईले जित्नुभएको छ । योसँगै उहाँले पोखराहाफ म्याराथनउपाधिमा ह्याट्रिक गर्नुभएको छ। राजपुराले निर्धारित २१ किमी दूरी एक घण्टा २१ मिनेट ११ सेकेन्डमा पूरा गर्दै च्याम्पियन बनेर रू एक लाख ५० हजार पुरस्कार पाउनुभयो । उहाँले यसअघि २०७७ र २०७८ सालमा समेत उपाधि आफ्नो पोल्टामा पार्नुभएको थियो।

यस्तै सशस्त्र प्रहरीको एपिएफ क्लबकी वृन्दा श्रेष्ठले द्वितीय हुँदै रू एक लाख पुरस्कार पाउनुभयो। उहाँले निर्धारित दौड एक घण्टा २६ मिनेट २८ सेकेन्डमा पूरा गर्नुभयो । सेनाकी पूर्णलक्ष्मी न्यौपानेले एक घण्टा २६ मिनेट ४९ सेकेन्डमा दौड पूरा गरी तृतीय बन्दै रू ७५ हजार पुरस्कार प्राप्त गर्नुभयो ।नेपाल पुलिसका रेखा विष्टले एक घण्टा ३२ मिनेट चार सेकेन्डमा हाफ म्याराथन सम्पन्न गरी चौथो बन्नुभयो। उहाँले रू १५ हजार पुरस्कार पाउनुभयो।

यसैगरी, १० किमी महिला दौडमा सशस्त्र प्रहरीकी आशा राउतले उपाधि जित्नुभयो। उहाँले निर्धारित दूरी ५० मिनेट १२ सेकेन्डमा पूरा गर्नुभयो । नेपाल प्रहरीकी वृष्मा कुमाल द्वितीय र नेपाली सेनाकी कल्पना खड्का तृतीय हुनुभयो।

पुरुष १० किमी दौडमा नेपाली सेनाका सञ्जय श्रेष्ठ प्रथम, सेनाकै सुवास कार्की द्वितीय र पाँचथरका दीपक सुहाङ तृतीय हुनुभयो । महिला तथा पुरुष १० किमीको दौडका प्रथम, द्वितीय र तृतीयले समान क्रमश : रू ३० हजार, रू २० हजार र रू १५ हजार पुरस्कार पाउनुभएको छ । पोखरा अन्तर्राष्ट्रिय म्याराथनको उद्घाटन गण्डकी प्रदेशका मुख्यमन्त्री खगराज अधिकारीले गर्नुभएको थियो । मुख्यमन्त्री अधिकारीले समेत पाँच किमी दौड पूरा गर्नुभएको थियो ।रासस

# राष्ट्रपति बाइडेनद्वारा राष्ट्रिय सुरक्षा टोलीलाई शङ्कास्पद वस्तु पत्ता लगाउन निर्देशन

**एएनआई**

वाशिङ्गटन । संयुक्त राज्य अमेरिकाका राष्ट्रपति जो बाइडेनले राष्ट्रिय सुरक्षा टोलीलाई वायुमण्डलमा मानवरहित तरिकाले राखिन सक्ने शङ्कास्पद वस्तुहरू पत्ता लगाउने संयन्त्रको विकास गर्न निर्देशन दिनु भएको छ।



ह्वाइट हाउसले ट्वीटरमा उल्लेख गरेअनुसार "राष्ट्रपति बाइडेनले आफ्नो राष्ट्रिय सुरक्षा टोलीलाई अमेरिकी आकाशमा मानवरहित वायुजन्य वस्तुहरू पत्ता लगाउने संयन्त्र स्थापना गर्न निर्देशन दिनु भएको छ । राष्ट्रपति बाइडेनले राष्ट्रिय सुरक्षा टोलीलाई मानवरहित सम्भावित वायुजन्य वस्तुहरूको सूची तयार पार्न र यी वस्तुहरू पत्ता लगाउने क्षमता सुधार गर्न थप उपायहरू अवलम्बन गर्न समेत निर्देशन दिनु भएको छ।

अमेरिकी आकाशमा हालै देखिएका शङ्कास्पद वस्तुहरूबारे अमेरिकाको प्रतिक्रियाका विषयमा टिप्पणी गर्दै राष्ट्रपति बाइडेनले गुप्तचर निकायले विगतका दिनहरूमा खसालेका तीन वस्तुहरू चीनको निगरानी प्रणालीसँग सम्बन्धित रहेको वा नरहेको बारे थप अनुसन्धान गर्न समेत निर्देशन दिनु भएको छ । यसैबीच राष्ट्रपति बाइडेनले चिनियाँ राष्ट्रपति सी चिनफीङसँग वार्ता गर्ने अपेक्षा गरेको पनि उल्लेख गर्नु भएको छ । खुफिया निकायको पछिल्लो अनुसन्धान अनुसार ती वस्तुहरू प्रायः निजी कम्पनीहरू वा मौसम अध्ययन गर्ने वा अन्य वैज्ञानिक अनुसन्धान सञ्चालन गर्ने संस्थाहरूसँग सम्बन्धित बलुनहरू थिए । गत फेब्रुअरी ४ मा चीनले मुख्य रूपमा मौसम विज्ञानको अनुसन्धानका लागि प्रयोग गरिएको नागरिक हवाई जहाज भएको दाबी गरेको विशाल बलुनलाई एक हप्तासम्म देशमा घुमाएपछि खसालेको अमेरिकाको दाबी छ । म स्पष्ट हुन चाहन्छु पछिल्ला दिनहरूमा हाम्रो आकाशमा देखिने शङ्कास्पद वस्तुहरूको सङ्ख्यामा अचानक बृद्धि भएको कुनै प्रमाण त छैन तर हामी जडान गरेका निगरानी राडरहरूले त्यस बारे थप जानकारी दिनेछन्।

राष्ट्रपति बाइडेनले केही समय अघि देखिएका ती तीन वस्तुहरू चिनियाँ जासुस बलुन कार्यक्रमसँग सम्बन्धित हुन् वा अन्य कुनै देशको निगरानी सम्यन्त्रसँग सम्बन्धित हुनसक्छन् भन्ने बारे थप अनुसन्धान आवश्यक रहेको बताउनु भएको छ । उहाँले अमेरिकाले आफ्नो आकाशमा देखेका हरेक मौसमी बलुनलाई गोली हान्ने त छैन तर ती जासुसीसँग सम्बन्धित छन् वा छैनन् त्यस बारे भने गम्भीर अध्ययन अनुसन्धान भने गर्ने बताउनु भएको छ।

उहाँले यदि कुनै वस्तुले अमेरिकी जनताको सुरक्षामा खतरा उत्पन्न गर्छ भने त्यसलाई नियन्त्रण गर्न अमेरिका सक्षम हुने पनि उहाँले दाबी गर्नु भएको छ।

# राष्ट्रपति रनिङ शिल्डको उपाधि वीरेन्द्रदोयलाई

सोलुखुम्बु । सोलुखुम्बुकोथुलुङदुधकोशी गाउँपालिकामा आयोजित स्थानीय तह अन्तरविद्यालय स्तरीय १३औं राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको उपाधि वीरेन्द्रदोय माध्यमिक विद्यालय, मुक्लीले जितेको छ। योसँगै सो विद्यालयले लगातार तीन वर्ष उपाधि जितेको छ।

यही फागुन १ गतेदेखि सुरु भएको उक्त प्रतियोगितामा मुक्ली माविले २० स्वर्ण पदक जित्यो। यस्तै १२ स्वर्णसहित जनता मावि लोखिम दोस्रो तथा छ स्वर्णसहित देउसा मावि तृतीय भयो। प्रतियोगितामा विजयी छात्र छात्रालाई थुलुङ दुधकोशीका अध्यक्ष असिम राईले पुरस्कार तथा प्रमाणपत्र वितरण गर्नुभयो।

प्रथम, द्वितीय र तृतीयलाई क्रमशः रु १५ हजार, रु १२ हजार र रु १० हजार पुरस्कार प्रदान गरिएको छ। प्रतियोगितामा उत्कृष्ट भएका खेलाडीलाई जिल्ला स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा सहभागी गराइने छ ।रासस

# बुल्गेरियाको राजधानी नजिकै ट्रकमा १८ आप्रवासी मृत फेला

**सिन्ह्वा**

सोफिया। बुल्गेरियाको राजधानी सोफियानजिकै शुक्रबार कम्तिमा १८ जना आप्रवासीहरू एक परित्यक्त ट्रकमा मृत फेला परेको आन्तरिक मन्त्रालयले विज्ञप्तिमार्फत जनाएको छ।

प्रारम्भिक जानकारी अनुसार ट्रकले अवैध रूपमा लगभग ४० जना आप्रवासीहरू बोकेको बताइएको छ। आप्रवासीहरू काठ बोकेको ट्रकमा लुकाएर यात्रा गराइएको पनि मन्त्रालयले जनाएको छ।

मन्त्रालयका अनुसार तिनीहरू मध्ये १८ जनाको मृत्यु भइसकेको र केही बाँचेकाहरूलाई अस्पतालमा भर्ना गरिएको छ। यस विषयमा अनुसन्धान जारी छ।

# म्यान्माका करिब एक लाख ८० हजार विद्यार्थी परीक्षामा सहभागी हुँदै

**सिन्ह्वा**

याङ्गुन । म्यान्मामा विश्वविद्यालय प्रवेश परीक्षा आगमी मार्च ८ देखि १८ सम्म देशभर हुने भएको छ। विद्यालय शिक्षा प्रणालीअन्तर्गतको अन्तिम परीक्षामा एक लाख ७९ हजार छ सय ४९ परीक्षार्थीले आवेदन भरेका म्यान्माको राज्य प्रशासन परिषद्ले जनाएको छ।

शिक्षा मन्त्रालयलाई उद्धृत गर्दै परिषद्ले जनाएअनुसार उक्त परीक्षा आधारभूत शिक्षा प्रणालीअनुसार अन्तिमपटक हुन लागेको हो । कक्षा दश उत्तीर्ण भएकाहरूलाई उच्च शिक्षा हासिल गर्न सोझै विश्वविद्यालयमा प्रवेश दिइन्थ्यो।



अब नयाँ प्रणालीअनुसार परीक्षा हुनेछ भने विश्वविद्यालय प्रवेश गर्न कक्षा १२ उत्तीर्ण हुनुपर्छ।

गत शैक्षिक वर्षमा दुई लाख ८१ हजार सात सय ५१ जना परीक्षार्थी उक्त परीक्षमा सहभागी भएकामा ४६.८८ प्रतिशत मात्र उत्तीर्ण भएका थिए। उक्त परीक्षामा उच्च अङ्क प्राप्त गरेका विद्यार्थीमात्र देशका प्रख्यात विश्वविद्यालयमा भर्ना हुन पाउँछन्।



सुनसरीको इनरुवामा शुक्रबार तोरीमा लागेको लाही कीरा मार्न कीटनाशक औषधि छर्कँदै किसान। *तस्बिर : रासस*

# प्रदेश र स्थानीय तहको एकल अधिकारका आयोजनालाई ससर्त अनुदान नदिनू : वित्त आयोग

काठमाण्डु। राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले प्रदेश र स्थानीय तहको एकल अधिकारका आयोजनालाई ससर्त अनुदान नदिन सरकारलाई सिफारिस गरेको छ। आगामी आर्थिक वर्ष २०८०/८१ का लागि सरकारले बनाउन लागेको बजेटका सन्दर्भमा आयोगले यस्तो सिफारिस गरेको हो।

आयोगले तयार पारेको ‘आर्थिक वर्ष २०८०/८१ का लागि नेपाल सरकारबाट प्रदेश र स्थानीय सरकारलाई प्रदान गरिने ससर्त अनुदानका आधार सम्बन्धमा नेपाल सरकारलाई गरेको सिफारिस’ प्रतिवेदनअनुसार टुक्रे र एकल अधिकारका आयोजनालाई ससर्त अनुदान उपलब्ध गराउन नहुने सिफारिस गरिएको छ। ससर्त अनुदानलाई मुलुकको सन्तुलित विकासको लक्ष्यसँग आबद्ध गरी निश्चित नीति, सूचक र मापदण्डमा आधारित रहेर पारदर्शी रूपमा वितरण गर्न आयोगको सुझाव छ।

“सरकारले प्रदेश तथा स्थानीय तहलाई ससर्त अनुदान प्रदान गर्दा राष्ट्रिय नीति, प्राथमिकता, दीर्घकालीन लाभ र फराकिलो तथा समतामूलक आर्थिक वृद्धिलाई प्रत्यक्ष टेवा दिने प्रकृतिका ठूला तथा मझौला र रणनीतिक महत्वका आयोजनाको कार्यान्वयनमा जोड दिइनुपर्छ। तर प्रदेश तथा स्थानीय तहको एकल अधिकार र जिम्मेवारी भित्रका विषयमा वा स-साना आयोजना र कार्यक्रममा यस्तो अनुदान उपलब्ध गराउन हुँदैन”, सिफारिसमा भनिएको छ।

सङ्घबाट जाने ससर्त अनुदानको रमक बिस्तारै घटाउँदै लगेर त्यसलाई समानीकरण अनुदानबाट प्रतिस्थापन गर्दै लैजान पनि आयोगको सिफारिस छ। “प्रदेश तथा स्थानीय तहको वित्तीय स्वायत्तता र व्यवस्थापकीय क्षमतालाई बलियो बनाउँदै लैजाने उद्देश्यसहित कूल अनुदानमा ससर्त अनुदानको हिस्सा क्रमशः कम गर्दै लैजाने तथा त्यसको परिपूर्ति वित्तीय समानीकरण अनुदानबाट गर्दै जानुपर्छ”, सुझाव प्रतिवेदनमा भनिएको छ।

ससर्त अनुदान उपलब्ध गराउँदा आयोजना भित्रका खर्च शीर्षक वा उपशीर्षक नै नतोकी एकमुष्ट अनुदान हस्तान्तरण गर्न पनि सरकारलाई आयोगले सुझाव दिएको छ। यसो गर्दा आयोजनाप्रति सम्बन्धित तहको स्वामित्व कायम गर्न सकिने आयोगले जनाएको छ।

प्रदेश तथा स्थानीय तहका बहुवर्षीय र क्रमागत आयोजनालाई सम्पन्न गर्न वित्तीय समानीकरण अनुदान एकमुष्ट दिइनुपर्ने आयोगको सिफारिस छ। “प्रदेश वा स्थानीय तहको अधिकारका विषयसम्बन्धी साबिकमा सङ्घबाट बहुवर्षीय ठेक्का स्वीकृत भई कार्यान्वयन भइरहेका क्रमागत अधुरा कार्यक्रमलाई पूर्णता दिन आर्थिक वर्ष २०८०/८१ देखि त्यस्ता आयोजनाका लागि वित्तीय समानीकरण अनुदान एममुष्ट अनुदानका रूपमा बजेट हस्तान्तरण गर्नुपर्छ”, आयोगले भनेको छ।

यद्यपि, प्रदेश वा स्थानीय तहले सालबसाली रूपमा खर्च गर्नुपर्ने, चालू प्रकृतिका वा विद्यमान पूर्वाधारको मर्मतसम्भार र सञ्चालनसँग सम्बन्धित खर्चका लागि भने आन्तरिक स्रोतबाटै व्यवस्थापन गर्नुपर्ने आयोगले जनाएको छ। उपभोक्ता समितिको सहभागिता तथा लागत साझेदारीमा सञ्चालन हुने परियोजना वा कार्यक्रमको हकमा ससर्त अनुदान विनियोजन नगरी सम्बन्धित प्रदेश वा स्थानीय तहको आन्तरिक स्रोत विनियोजनलाई प्रश्रय दिइनुपर्ने आयोगको सिफारिस छ।

आयोजना तथा कार्यक्रममा दोहोरोपन हुन नदिन ससर्त अनुदानको वितरण एकीकृत रूपमा हुनुपर्ने आयोगको सिफारिस छ।

“समान प्रकृतिका उद्देश्य प्राप्तिका लागि विभिन्न विषयगत मन्त्रालयबाट तर्जुमा गरिएका कार्यक्रम वा आयोजना कार्यान्वयनका लागि ससर्त अनुदान प्रदान गर्दा त्यस्ता कार्यक्रम वा आयोजनामा दोहोरोपना नपर्ने गरी एकीकृत रूपमा ससर्त अनुदान प्रदान गर्ने व्यवस्था मिलाइनुपर्छ”, सिफारिसमा उल्लेख छ। रासस

# टाटाको 'इभी लर्निङ सेन्टर' र ब्याट्री मर्मत केन्द्रको भ्रमण कार्यक्रम सम्पन्न



**टुडे समाचारदाता**

काठमाण्डु। टाटाको मोटर्सको नेपालका लागि आधिकारिक वितरक सिप्रदी ट्रेडिङले 'इभी लर्निङ सेन्टर' र ब्याट्री मर्मत केन्द्रहरूको भ्रमण कार्यक्रम सफलताका साथ सम्पन्न गरेको छ।

यस कार्यक्रमको दौरानमा विभिन्न सञ्चारकर्मीहरुलाई थापाथलीस्थित टाटाको सोरूमबाट यस ब्राण्डका विद्युतीय गाडी (इभी) प्रयोग गरी क्रमशः नैकाप एवं बागडोल पुऱ्याइएको थियो। नैकापस्थित सिप्रदीको 'इभी लर्निङ सेन्टर' मा उनीहरूलाई विद्युतीय गाडी सञ्चालनको आधारभूत प्रक्रिया र प्रणालीबारे जानकारी गराइएको थियो।

कार्यक्रममा सहभागी पत्रकारहरूले यस सेन्टरमा मूलतः विद्युतीय गाडीको ब्याट्रीले विद्युतीय सञ्चार मार्फत कसरी कार्य गर्छ भन्ने बारे जानकारी हासिल गरेका थिए। कुनै कारणवश ब्याट्रीमा समस्या देखा परेमा यसका निश्चित अवयवहरू जस्तै 'मोडुल' र 'सेल' परिवर्तन गरी यसको समाधान अत्यन्त कम खर्चमा सहज तवरले गर्न सकुन् भन्ने बारे जानकारी प्रदान गरिएको थियो।

नेपाली अटोमोबाइल बजारमा यदी इभी ब्याट्री बिग्रिएमा मर्मत गर्न अत्यन्त खचिलो र झन्झटिलो हुने भ्रम रहेकोले उक्त भ्रम चिर्न यस्तो कार्यक्रमको आयोजना गरीएको सिप्रदीले जनाएको छ। त्यसैगरी, भ्रमण कार्यक्रममा सहभागी सञ्चारकर्मीहरूलाई ललितपुरको बागडोलमा अवस्थित टाटाकोँ सर्भिस सेन्टरँको अवलोकन गराइएको थियो।

अवलोकनको क्रममा विशेषतः इभीको मर्मत सम्भारको लागि प्रयोग गरिने प्राविधिक पक्षहरू बारे सूचित गारिएको कम्पनीको भनाइ छ। यसको अतिरिक्त इभीको ब्याट्रीको समस्या कसरी निरुपण गरी समाधान गरिन्छ भन्नेबारे पनि जानकारी प्रदान गरिएको थियो। टाटाको मात्र नभई नेपालको समग्र विद्युतीय गाडीको बजार अभिवृद्धि गर्न सहयोग पुऱ्याउने उद्देश्यले यस भ्रमण कार्यक्रमको आयोजना गरिएको सिप्रदीको दाबी छ।

यस कम्पनीले केही समयदेखि टाटाका वातावरण, आराम, सुरक्षा एवम् डिजाइनको दृष्टिकोणले उत्कृष्ट इभीहरू नेपाली बजारमा बिक्री वितरण गरिरहेको छ।

# ब्रोकरव्यवसायीले शाखा खोल्नेसम्बन्धी निर्देशिका

काठमाण्डु। नेपाल धितोपत्र बोर्डले ‘धितोपत्र दलाल व्यवसायीले शाखा कार्यालय खोल्नेसम्बन्धी निर्देशिका, २०७९’ जारी गरेको छ। धितोपत्र दलाल व्यवसायी (ब्रोकर) कम्पनीको शाखा खोल्ने प्रक्रियालाई छिटो, छरितो र सहज बनाउन निर्देशिका जारी गरेको बोर्डले जनाएको छ।

बिहीबारदेखि कार्यान्वयनमा आएको उक्त निर्देशिकाले ब्रोकर व्यवसायमा हुने वित्तीय जोखिमको न्यूनीकरण गर्ने बोर्डले अपेक्षा गरेको छ। अबब्रोकर कम्पनीले शाखा विस्तार गर्दा प्रतिशाखारू एक करोड ५० लाखका दरले चुक्ता पुँजी कायम गर्नुपर्ने छ भने मुख्य कार्यालय रहेको जिल्लामा शाखा कार्यालय खोल्ने स्वीकृती नदिने निर्देशिकामा उल्लेख छ।

त्यस्तै, काठमाडौँ उपत्यका बाहिर कम्तीमा तीनशाखा खोलेपछि मात्र उपत्यकामा खोल्न पाइने व्यवस्था गरिएको छ।ब्रोकर कम्पनीले एक पटकमा एउटा मात्र शाखा खोल्नका लागि बोर्डमा निवेदन दिनुपर्नेछ। शाखा कार्यालय खोल्नअनुमति पाएको तीन महिनाभित्रकार्यालय सञ्चालनमा ल्याइसक्नुपर्नेछ।

सम्पत्ति शुद्धीकरणसम्बन्धी प्रचलित कानुनबमोजिम सजाय पाएका ब्रोकर कम्पनीले भने त्यस्तो सजाय पाएको एक वर्षसम्म शाखा बिस्तार गर्न पाउने छैनन। त्यस्तै, शाखा खोल्न स्वीकृति पाए पनि कार्यालय नखोली स्वीकृति रद्द भएमा रद्द भएको मितिले एक वर्षसम्म अर्को शाखा खोल्न नपाउने व्यवस्था गरिएको छ।

धितोपत्रको प्राथमिक बजार देशका सबै जिल्लामा पुगिसकेकाले दोस्रो बजारको पहुँचलाई विस्तार गर्न आवश्यक देखिएकाले उक्त निर्देशिका लागू गरिएको बोर्डले जनाएको छ।हाल धितोपत्र बोर्डबाट ५० कम्पनीले ब्रोकरका रूपमा लाइसेन्स लिएका छन्। रासस

# १४ हजार रूख कटान गरियो

किमाथाङ्का। सङ्खुवासभामा निर्माणाधीन जलविद्युत् आयोजनाका लागि १४ हजारभन्दा बढी रुख कटान गरिएको छ।

निर्माणाधीन अरुण तेस्रो जलविद्युत् परियोजना र कोसी करिडोरलगायतका विभिन्न आयोजना विस्तारका लागि १४ हजारभन्दा बढी रुख काटिएको हो। विद्युत् आयोजनाका लागि जिल्लामा सामुदायिक र निजी क्षेत्रका रूख काट्ने मन्त्रिपरिषद्ले निर्णय गरेको थियो।

नौ सय मेगावाटको अरुण तेस्रो जलविद्युत् परियोजना र दुई सय २० मेगावाटको कोसी करिडोर प्रसारण लाइन निर्माणका लागि उक्त सङ्ख्यामा रूख काटिएका हुन्। अरुण तेस्रो जलविद्युत् आयोजना र कोसी करिडोर प्रसारण लाइनका लागि सङ्खुवासभाका १८ सामुदायिक वनका १४ हजार छ सय २७ रुख कटान गरिएको डिभिजन वन कार्यालयका प्रमुख डा इन्द्र सापकोटाले जानकारी दिनुभयो।

उहाँका अनुसार ११ वटा जलविद्युत् आयोजनाले जिल्लाका छ स्थानीय तहका वन क्षेत्र प्रयोग गरेका छन्। विद्युत् विस्तार गर्न मात्र सरकारी वन क्षेत्रका मात्रै पाँच हजार चार सय रूख काटिएका डिभिजन वन कार्यालयले जनाएको छ।

अरुण तेस्रो आयोजनाका लागि मकालु गाउँपालिका-५ फ्याक्सिन्दामा बाँधक्षेत्र र चिचिला गाउँपालिका दिदिङ पुखुवा पावर हाउसमा एक सय २३ दशमलव २२ हेक्टरका रूख काटिसकिएका निर्माण कम्पनी सतलजले जनाएको छ। अरुण तेस्रो परियोजनाले सङ्खुवासभामा रहेको मकालु बरुण राष्ट्रिय निकुञ्ज क्षेत्रको ४४ हेक्टर वन प्रयोग गरेको छ।

कटान भएका रुख सम्बन्धित सामुदायिक वन उपभोक्ता समितिका उपभोक्ताले प्रयोग गर्न पाउने व्यवस्था छ। अरुण तेस्रो आयोजनास्थल बाँध क्षेत्र र विद्युत् गृह स्थल लगिने ३३ केभी प्रसारण लाइनका लागि थप नौ सय ९४ रुख कटान गरिएको छ। आयोजना सञ्चालनका क्रममा विकास सम्झौता (पिडिए) अनुसार रुख कटान भए पनि बिरुवा अर्को ठाउँमा रोपिनुपर्ने व्यवस्था छ।

प्रसारण लाइन विस्तारका लागि करिब दुई किलोमिटर लम्बाइ र ४६ मिटर चौडाइ क्षेत्रका रुख काट्ने सम्झौता भएको थियो। रासस

# गुणस्तरहीन सिलिण्डर बिक्री गर्न रोक

**टुडे समाचारदाता**

बाँके। बाँकेमा दुई वटा बिक्री वितरण गर्ने ग्यास उद्योगमा संयुक्त बजार अनुगमन समितिले अनुगमन गरी प्रयोग गर्न नमिल्ने सिलिण्डर बिक्री वितरण गर्न रोक लगाएको छ।

पछिल्लो समय ग्यास पड्किएर घटना घटेपछि सतर्कताका लागि बाँके जिल्लामा रहेका ग्यास उद्योगमा अनुगमन गरिएको छ। अनुगमनका क्रममा कैफियत भेटिएका सिलिण्डर बजार नपठाउन निर्देशन दिएको वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय नेपालगञ्जका सूचना अधिकारी देवीलाल चौलागाईले बताए।

उनका अनुसार जिल्लास्थित मनकामना ग्यास उद्योगमा ग्यास लिकेज टेस्टिङमेशिनलाई यथाशीघ्र प्रयोगमा ल्याउन र म्याद समाप्त भएका एक सय ६० ग्यास सिलिण्डर, लिकेज, बिग्रेका, कुच्चिएका जोखिमयुक्त ५० सिलिण्डर र तत्काल म्याद सकिन लागेका करिब ५० गरी जम्मा दुई सय १० ग्यास सिलिण्डरलाई बिक्री वितरण नगर्न निर्देशन दिइएको छ।

यसैगरि भेरी ग्यास उद्योगमा रहेका म्याद सकिएका करिब ३ हजार सिलिण्डर, लिकेज भएका, कुच्चिएका र बिग्रेका करिब दुई हजार पाँच सय, म्याद सकिन लागेका दुई सय सिलिण्डर बिक्री वितरण नगर्न संयुक्त बजार अनुगमन समितिले निर्देशन दिएको छ।

उपभोक्ता हित संरक्षणमा सरोकारवाला सबै सचेत हुनुपर्ने उपभोक्ता हित संरक्षण मञ्च बाँकेका अध्यक्ष अधिवक्ता वसन्त गौतमले बताए। उनले भने,‘ज्यान जानेसम्मका दुर्घटना निम्त्याउने, स्वच्छ खाद्यान्न उपलब्धता र प्रयोगको सुनिश्चिततामा सरोकारवाला जिम्मेवार र उपभोक्ता आफै जागरुक हुनुपर्छ, सचेत भइएन भने जोखिमका घटना बढन सक्छन।’

ग्यास सिलिण्डरका विषयमा उच्च अदालत तुलसीपुर नेपालगञ्ज इजलासले सार्वजनिक महत्वको विषयको रिटमा सुनुवाइ गर्दै यसअघि नै सिलिण्डरको तौल, गुणस्तर जाँच गर्ने तथा मापदण्ड पूरा गर्न निर्देशनात्मक आदेश गरेको अधिवक्ता विश्वजित तिवारीले बताए।

# एपबाट खेतीको जानकारी लिँदै कनकाईका किसान

**टुडे समाचारदाता**

झापा। झापाको कनकाई नगरपालिकाले किसानलाई डिजिटल कृषि प्रविधिमा जोड्न जियो कृषि एप (मोबाइल एप) सुरूवात गरेको छ।

एक कार्यक्रमबीच अभियान नेपालका अध्यक्ष प्रेम गिरी र हेफर नेपालका क्षेत्रीय प्रबन्धक दीपेश पोखरेलले कनकाई नगरपालिकाका प्रमुख राजेन्द्रकुमार पोखरेललाई डिजिटल मेसिन (किओस्क) हस्तान्तरण गरे।

अभियान नेपालका अध्यक्ष गिरीले स्थानीय स्तरमा रहेका कृषकहरूलाई कृषि सूचना प्रविधिमा पहुँच बढाई कृषि उत्पादन र कृषकको उत्पादकत्व बढाउने उद्देश्यका साथ कनकाई नगरपालिकालाई डिजिटल मेसिन (किओस्क) प्रदान गरिएको बताए। यसबाट कृषि सूचना तथा प्राविधिक परामर्श सेवा समेत प्रवाह गर्न सकिने गिरीले प्रष्ट पारे। किसानलाई मोबाइल एपमै विज्ञहरूको सेवा समेत उपलब्ध हुनेमा गिरीले जोड दिए।




‘बाली रोपाइँदेखि कटाइसम्मका हरेक पक्षलाई एपमा समेटिएको छ,’ गिरीले भने, ‘यसले किसानलाई कुन समयमा के बाली लगाउने र बजारको खोजी कसरी गर्ने भन्ने समस्याबाट मुक्त गराउन मद्दत पुग्नेछ।’

मेसिन ग्रहण गर्दै कनकाई नगरपालिकाका प्रमुख राजेन्द्रकुमार पोखरेलले हेफर नेपालले कनकाई नगरपालिकालाई गरेको सहयोगप्रति आभार प्रकट गरे। हेफर नेपालसँगको सहकार्यमा कनकाई नगरपालिका कृषि क्षेत्रमा नमुना नगर बन्ने विश्वास व्यक्त गरे।


## भाखा नाघेको कर्जा बुझाउने बारे कृषि विकास बैंक लि. शाखा कार्यालय महेन्द्रनगरको २१ दिने सूचना

यस बैंकको तपसीलका कार्यालयहरुबाट तपसील बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुले निम्न उद्देश्यका लागि विभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिए बमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले वारम्वार ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको साँवा, व्याज तथा बैंकले पाउनु पर्ने अन्य रकम समेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र सम्बन्धित कार्यालयमा बुझाउनका लागि यो सूचना प्रकाशन गरिएको छ। उल्लेखित मिति भित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, कृषि विकास बैंक लि. को कर्जा असुली कार्यविधि तथा प्रचलित ऐन नियम बमोजिम कर्जा लिदा लेखिदिएको धितो लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरिने व्यहोरा समेत जानकारी गराउदछौं। साथै तपसील बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुलाई बैंकबाट कर्जा लिन मञ्जूरीनामा दिने ब्यक्तिहरुलाई समेत यसै सूचनाद्वारा कर्जा बुझाउन जानकारी गराईएको छ।

**सम्बन्धित कार्यालयको नाम : कृषि विकास बैंक लि. शाखा कार्यालय महेन्द्रनगर,धनुषा**

| क्र.सं. | ग्राहकको नाम | ठेगाना | बाबु वा पतिको नाम | बाजे वा ससुराको नाम | उद्देश्य | सांवा | २०७९/१०/२९ सम्मको व्याज तथा अन्य | जम्मा | धितो मन्जूरनामा दिने/ जमानत बस्नेको नाम |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | चौधरी फिस हाउस प्रो. मनोज कुमार चौधरी | क्षिरेश्वरनाथ ५, महेन्द्रनगर | मिश्रीलाल चौधरी | ब्रिजलाल चौधरी | ब्यापार | १५,००,०००।०० | ५६,०३३।०० | १५,५६,०३३। | गुलो देवी |
| २ | गंगाराम कुमर | बटेश्वरगा.पा. २ भुचक्रपुर | हुकुम कुमर दनुवार | रुपन कुमर | सरल कृषि | १५,००,०००।०० | ८५,०७४।०० | १५,८५,०७४।०० | हंसी देवी दनुवार्नी |
| ३ | शुशिल पशुपालन तथा पोल्ट्री फर्म प्रो.गेना देवी | क्षि.नं.पा. ६ | दिप लाल यादव | कारी यादव | कुखुरापालन | १५,००,०००।०० | ६१,४२५।०० | १५,६१,४२५।०० | दिप लाल यादव |
| ४ | रामखेलावन महतो | दिगम्बरपुर-२, हाल क्षि.न.पा ८ | जगदेव महतो | सुवालाल महतो | सरल कृषि | ९,००,०००।०० | ३७,५१२।०० | ९,३७,५१२।०० | विजेन्द्र कुमार महतो |

**कृषि विकास बैंक लिमिटेड**
**मधेश प्रदेश कार्यालय जनकपुर, धनुषा**

# जनकपुरधामका शिव मन्दिरहरूमा भक्तजनको भीड

**टुडे समाचारदाता**

जनकपुरधाम । धार्मिक तथा सांस्कृतिकनगरीजनकपुरधामसहित धनुषा जिल्लाका विभिन्न ठाउँमा अवस्थित शिव मन्दिर हरूमा शनिबार बिहानैदेखि भक्तजनहरूको ठूलो भीड लागेको थियो ।

महाशिवरात्रिका दिन बिहानैदेखि जनकपुरधामको शिव चोकमा रहेको चतुर्भुज महादेव मन्दिर, स्वर्गद्वार स्मशानघाट, जनकपुरधामको चार कुनामा रहेको प्राचीन शिव मन्दिरहरू कपिलेश्वर महादेव, कुशेश्वर महादेव, धनुषाधामको धनुष मन्दिर, क्षीरेश्वरनाथ मन्दिरमा पूजा आराधना गर्ने भक्तजनहरूको ठूलो भीड लागेको थियो । त्यस्तै महोत्तरीको जलेश्वरमा रहेको शिव मन्दिरमा पनि भक्तजनहरूको बिहानैदेखि घुँइचो लागेको थियो ।



जलभित्र विराजमान भएका जलेश्वरनाथ मन्दिरको पानी महाशिवरात्रिमा बाहिर निकालेर शिवलिङ्गको दर्शनको व्यवस्था महाशिवरात्रिमा पनि हुने गरेको छ । जलेश्वर महादेवको दर्शन गर्नका लागि भारतबाट पनि ठूलो संख्यामा भक्तजनहरू नेपाल आउने गरेका छन् ।

जनकपुरधामको प्राचीन शिव मन्दिरहरूमा बिहानैदेखि भक्तजनहरूको अत्यधिक भीडलाई ध्यानमा राखेर प्रहरीले भक्तजनहरूलाई व्यवस्थित रुपमा पूजा आराधनाको लागि सहज बनाइनुका साथै ठाउँ ठाउँमा ट्राफिकको व्यवस्थापनलाई सहज बनाइएको छ ।

भक्तजनहरुले शिवलाई चढाउन पवित्र मानिएको भाङ, धतुरो, बेलपत्र, फूल माला, दूध तथा जल अर्पण गर्दै देखिएका थिए । आजको दिन मिथिलाञ्चलमा महिला पुरुष मात्र होइन स साना बालबालिकाहरु पनि दिनभर व्रत बस्ने गरेका छन् । भगवान् शिवको पूजा आराधना जुनसुकै वर्ग तथा उमेरका व्यक्तिहरूले गर्न मिल्ने भएकाले सबै उमेर समूहका शिवभक्तहरू शिवालयमा दर्शन गर्न आएका छन्

महाशिवरात्रिको दिन सच्चा मनले आदि देव महादेवको पूजा आराधना गर्दा सबै प्रकारको इच्छा आकाँक्षा पूरा हुने धार्मिक जनविश्वास रहेको छ ।

# बख्तरमा बन्द भएका शेरहरू



संजीवकुमार झा



महाशिवरात्रिको अवसरमा टुँडिखेलमा नेपाली सेनाले विभिन्न कार्यक्रम गरी सेना दिवस मनाए । नेपाली सेनाले प्रत्येक वर्ष महाशिवरात्रिको अवसरमा सेना दिवस मनाउँदै आएको छ । विभिन्न काल खण्डमा ठूल-ठूला आन्दोलन खुकुरी र घरायसी हातहतियारले विजयी भएका हाम्रा सेना अहिले बख्तरमा बन्द छन् भन्दा अप्ठ्यारो नहोला । कारण नेपाली सेनाको काम अहिले आन्दोलन, दंगामा बन्दुक देखाएर नियन्त्रण गर्नकैलागि प्रयोग गरिन्छ । गोर्खाली सेना भनिएर विदेशमासमेत ख्याति प्राप्त गरेका सेनाको अनुहार जनताले सेना दिवसकै अवसरमा हेर्न पाउँछन् । नेपालमा नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी गरी तीन तहको सुरक्षा निकाय छ । जर्मनीका शासक हिटलरले विश्व युद्धका बेला भनेका थिए-' हामी संग गोर्खाली सेना भए हामी युद्ध सजिलै जित्न सक्छौं ।' भारतमा गोर्खा रेजिमेन्टनै छ



जहाँ नेपाली सेनाको भर्ना मात्रै गरिन्छ । भारत र पाकिस्तानबीच भएको विभिन्न आन्दोलनमा गोर्खा रेजिमेन्टले महत्वपूर्ण भूमिका निर्वाह गरे । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले नेपाल भ्रमणका क्रममा नेपाली सदनलाई सम्बोधन गर्ने क्रममा गोर्खाली सेनाको प्रसंशाकै पुल बाँधेका थिए तर, नेपालमा भने सडक बनाउने जिम्मा दिइन्छ त, सरसफाइ गर्ने जिम्मा दिने गरिएको छ ।

नेपाली सेनाले पटक-पटक विदेशी सेनालाई पराजित गरेर मुलुकलाई अखण्ड बनाएर रख्न सफल गरे । कतेकौं नेपाली विर सपुतहरुले आफ्नो ज्यानको आहुति दिएर नेपालमाथि कसैको शासन चल्न दिएनू । अखण्डता, सौर्भमसत्तालाई बचाएर राखे तर, आजको हालत हुन्छ भनेर नेपाली सेनाले कहिल्यै भने सोचेका थिएनन् होला । नेपाली सेनालाई ब्यारेकमा बन्द गरेर राखिएको छ । नेपालसंग जोडिएका सीमाहरुमा सशस्त्र प्रहरी वेश क्याम्पस स्थापना गरिएको छ तर, प्रत्येक वर्ष कुनै न कुनै भागमा सीमा मिचिएको समाचारहरु आइनै रहेका छन् । नेपाली सेनाको फंक्सन के त भनेर सोच्दा वास्तवमा बख्तरमै बन्द छन् भन्दा अलिक पनि असजिलो हुँदैन् होला ।

नेपाली सेनाले नेपाल भोट युद्ध (१८४५), नेपाल भोट युद्ध (१८४८), नेपाल चीन युद्ध (१८४९), नेपाल भोट युद्ध (१९११), नेपाल भोट विवाद (१९३९), कमाउ विजयी (१८४८), गढबाल विजयी (१८५२), देहरादुन विजयी (१८५३), सिरमौर विजयी (१८६३) र इस्टइण्डिया कम्पनी संगको युद्ध (१८७१) धेरैनै महत्वपूर्ण युद्धहरु छन् । जहाँ नेपाली सेनाले आफ्ना कौशलता प्रदर्शन गरेका थिए । नेपाली सेना र इस्टइण्डिया कम्पनीबीचको युद्धमा नेपाली सेनाले आफ्नो हौसला र विश्वासको मजबुत दृढता प्रदर्शन गरेका थिए । अहिले नेपाली सेना राष्ट्रपति समक्ष छन् । नेपाली सेनालाई किन र कसरी निष्क्रिय बनाइयो ? मुलुक भित्रनै विभिन्न समयमा अधिकारकालागि आन्दोलन भए । कहिले राजालाई स्थापना गर्न त कहिले राजालाई फाल्न । त्यतिबेलासम्म नेपाली सेना राजाको मातहतमा हुने गरेका थिए । प्रजातान्त्रिक आन्दोलन पछि राजा ज्ञानेन्द्रले 'कु' गरेपछि नेपाली सेनालाई बाहिर त ल्याए तर, जनताकै विरुद्धमा प्रयोग गरेपछि नेपाली सेनामाथि जनताको विश्वास भने एक प्रकारले समाप्तनै पारियो । राजा ज्ञानेन्द्रको राजगद्दी खोसिएपछि नेपाली सेनालाई ब्यारक भित्रनै थुनियो । मधेश आन्दोलनको क्रममा नेपाली सेना सडकमा देखिएका थिए । जनतालाई डराउनकालागि नेपाली सेनाले जनताको मनमा यति डर पैदा गरिसकेका छन् कि जनता पनि नेपाली सेनालाई बाहिर आओस र आफ्नो मुलुकको रक्षा गरोस भनेर चाहदैनन् । नेपाली सेना सेना दिवसको अवसरमा टुँडिखेलमा कला कौशलता प्रदर्शन गर्नु र नेताजीहरुलाई मनोरञ्जन गराउन बाहेक अरु केही पनि छैन् । सेनाले दिवस मनाओस तर, फक्सनल भने हुनु पर्छ । नेपाली सेनालाई नेताजीहरुको बडिगार्ड हुनु परेन् । नेपाली सेना भनेको मुलुकको शान हो जसले मुलुकको नाम विदेशमा स्थापना गर्न सफल भएका छन् । गोर्खाली सेनाको नामले अन्य मुलुकका सेना डरले काम्पने गरेका छन् त्यस्ता सेनालाई अपमानित नगरियोस ।

राष्ट्रपतिदेखि मन्त्री सम्मलाई नेपाली सेना सुरक्षाकोलागि प्रदान गर्ने गरिन्छ । त्यसलाई तत्काल बन्द गर्नु पर्छ । बरु उहाँहरुकोलागि स्पेशल हतियारधारी तालिम प्राप्त सुरक्षाकर्मीको व्यवस्था गरियोस र नेपाली सेनालाई मुलुकको इज्जत बुझेर बख्तरमै रहन दिइयोस । सम्मान गर्न नसक्नेले अपमान पनि नगर्दा हुन्छ । राजालाई फालेर मुलुकमा जनताको छोराले शासन र प्रशासन आफ्नो हातमा लिनकालागि जनताको धेरै छोराहरुले आहुति दिए । फल स्वरुप अहिले मुलुकमा लोकतान्त्रिक गणतन्त्र स्थापना भएको छ । तर, जनताका छोरा छोरी त राजाका छोरा छोरी भन्दा बढी क्रुर र तानाशाह देखिए । विभिन्न आन्दोलनको क्रममा नेपाली सेनाले आफ्नो इमान्दारी र निष्ठाले काम गरे तर, आज ती सेनालाई कैम्प भित्रनै सीमित बनाइएको छ । के काम छ नेपाली सेनाको ? छैन् खारेज गरिदिँदा हुन्छ त ? तर गर्दिन किन भने नेपाली सेनाको दुर्दशा हाम्रा जनताबाट चुनिएका जनताको नेतालाई फेरि सेना दिवसको अवसरमा मनोरञ्जन कसले गराउँछ ?

एक समय थियो जब नेपाली सेनाले कुनै ठाउँमा आक्रमण गर्थे त्यहाँका राजाहरु मुलुक छोडेर भाग्न बाध्य हुन्थे । तर, आज नेपाली सेनाको बन्दुकमा जंग पनि लागि सकेको होला । हातहतियार पनि त्यो पुरानै घिसिपिटिएको छ । घोरामा सवारी भएर टुडिखेलको मनोरञ्जन गर्दै गर्दा सेना आज बुढो भइसकेको महशुस गर्दै होला । शेर जब बुढो हुन्छ त्यतिवेला बसि बसि खान चाहन्छ । आफ्ना पुराना दिनहरु स्मरण गरेर दिन बिताउने गर्छन् । सेना दिवसको अवसरमा सम्पूर्ण नेपाली सेनामा शुभकामना ।

## दुई पसलमा आगलागी

**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधामकोशहीदचोकस्थित दुईवटा पसलमा आगलागी भएको छ ।

जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर-१ शहीदचोकस्थित जानकी ग्लास र सिटि प्लाई एण्ड हार्डवेयर पसलमा आगलागी भएको छ ।

स्थानीय बिमल साह र दिपक साहले आफ्नो एकतले घरमा सञ्चालन गरेको पसलमा अचानक विद्युत सर्ट भएर शुक्रबार राति करिब १२ बजेर ३५ मिनेटको समयमा आगलागी भएको जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता प्रहरी नायव उपरीक्षक बेद प्रकाश गौत्तमले जानकारी दिए ।

आगलागीबाट पसलमा भएका सम्पूर्ण सामानहरु जलेर नष्ट हुँदा करिब १ करोड बराबरको क्षति भएको पीडित पक्षले बताएको छ ।

घटना सम्बन्धमा थप अनुसन्धान भइरहेको धनुषा प्रहरीले जनाएको छ ।

# मालपोत कार्यालय प्रमुख विहीन सेवाग्राहीलाई सास्ती

**अनिल तिवारी**

वीरगञ्ज । मालपोत कर्यालय पर्सामा कर्मचारी अभावका कारण सेवाग्राहीहरु सास्ती भोग्न बाध्य बनेका छन् ।

मालपोत कार्यालय पर्सामा कार्यालय प्रमुखसहित विभिन्न शाखामा कर्मचारी अभाव हुँदा सेवाग्राहलाई समस्या भएको छ ।

केहीदिन यतादेखि लगायतार यस कार्यालयका तीन अधिकारीलगायत एक दर्जन भन्दा बढी कर्मचारीहरु अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कारबाहीमा परी निलम्बित भएका छन् ।

'अख्तियारको कारबाहीका घटना क्रमपछि वीरगञ्जको नाम सुन्ने बित्तिक्कै कर्मचारीहरु सरुवा भइ आउन मान्दै मान्दैनन्',एक कर्मचारीले नाम नखुलाउने शर्तमा बताए । उनले भने 'अवस्था गम्भीर छ,वीरगञ्जको नाम सुन्नै बित्तिक्कै कर्मचारीहरु आउनै मानिरहेका छैनन्,'।

सो कार्यालयमा उप सचिव स्तरको कार्यालय प्रमुखको दरबन्दी रहेको छ । प्रमुखहरु नआउने भने होइन केही महिना बसेर सरुवा गराउने गरेको कार्यालय स्रोतले जनाएको छ ।

सबै भन्दा बढी सवेग्राहीको चांप रहने मालमोत कार्यालय पर्साको अवस्था कर्मचारी अभावकै कारण लथालिंग बनेको छ । तर पनि सम्बन्धित निकायको ध्यान पुग्न सकेको छैन ।

कर्मचारी अभावकै कारण सेवाग्राहीहरु कामै नगराइ घर फिर्ता हुनु परेको अवस्था रहेको वीरगञ्ज महानगरपालिका-३का जयकृष्ण साहले गुनासो पोखे । 'रोक्का फुकुवा लगायतका अत्ति महत्वपूर्ण कामहरु सम्पादन भइरहे पनि अधिकृत तहबाट हुने निर्णायक टिप्पणी सदर लगायतका कामहरु पूर्णत रोकिएकोले सेवाग्राहीहरु फिर्ता हुन बाध्य हुने गरेका छन् ।', कार्यालयका नायब सुब्बा राजेश्वर साह तेलीले बताए ।

सह सचिव स्तरको कार्यालय प्रमुख र एक कम्प्युटर अधिकृत सहित ५जना अधिकृतहरुको दरबन्दी मालपोत कार्यालय पर्सामा रहेको बुझिएकोछ । तर कम्प्युटर अधिकृतको दरबन्दीमा रहेका कमोद तिवारी दुई वर्ष भन्दा बढी समयदेखि जसो तसो निमित्त कार्यालय प्रमुखको रुपमा कार्यालय सञ्चालन गर्दै आएका थिए ।

आयोगको कारबाहीमा परेर निलम्बित भएदेखि करिब दुई सातादेखि मालपोत पर्सा कार्यालय प्रमुख विहीन बनेको छ । कार्यालय प्रमुख र शाखा अधिकृतहरुको अभावका कारण दैनिक ४०देखि ५० जना सेवाग्राही काम नगराइकनै फिर्ता हुन बाध्य बनेका छन् ।

यता कार्यालयको भौत्तिक अवस्था दिन प्रति दिन जीर्ण बनेको छ भने व्यवस्थापनको अभावमा कार्यालयमा रहेका कागजपत्र समेत असुरक्षित बनेको जिकिर एक कर्मचारीले नाम नखुलाउने शर्तमा बताए । कत्ति खेर मुसाले कागजहरु कोत्लने हुन भन्ने कुनै ठेकाना नरहेको उनले बताए ।

# एम्बुलेन्स चालकलाई सम्मान

**टुडे समाचारदाता**

जनकपुरधाम । रक्तदान कार्यक्रममा सहभागी भएका एम्बुलेन्स चालकहरुलाई सम्मान गरिएको छ ।




शनिबार जनकपुरधामस्थित म्याक्स अस्पतालको सभाकक्षमा संयुक्त एम्बुलेन्स चालक संघ, नेपाल र ट्रेड युनियन संघ धनुषा शाखा द्वारा आयोजित आठौंवार्षिकोत्सवको अवसरमा रक्तदान गर्ने २२ जना एम्बुलेन्स चालकहरुलाई सम्मान गरिएको छ ।

कार्यक्रमको अवसरमा संयुक्त एम्बुलेन्स चालक संघ, नेपाल र ट्रेड युनियन संघका केन्द्रीय सदस्य महाशंकर ठाकुरले सर्वसाधारणहरुमा अझै पनि रक्तदानबारे नकारात्मक धारणा व्याप्त रहेकोले रक्तदान कार्यक्रमलाई निरन्तरता दिनुपर्ने बताए । २४ घण्टे काममा लागेका एम्बुलेन्स चालकहरुले रगतदान गरेर सराहनीय काम गरेको उनले बताए ।

सम्मान कार्यक्रममा म्याक्सलाइफका डा. कृष्णा कुमार साहले आगामी दिनमा पनि रक्तदान कार्यक्रमको लागि यो अस्पताल हरेक प्रकारले सहयोगी भूमिका निर्वहन गर्ने प्रतिवद्धता व्यक्त गरे ।

कार्यक्रममा अध्यक्षता गरेका संयुक्त एम्बुलेन्स चालक संघ धनुषाका अध्यक्ष अरमान कुमार साह, नेपाल रेडक्रसका नारायण न्यौपानेलगायतले रक्तदान गर्नेहरुलाई प्रमाणपत्र वितरण एवं खादा लगाई शुभकामना समेत व्यक्त गरेका थिए ।

# दुर्घटनामा एकको मृत्यु

**टुडे समाचारदाता**

वीरगञ्ज । पर्साको धोविनी गाउँपालिकामा मोटरसाइकल दुर्घटना हुँदा १ जनाको मृत्यु भएको छ ।

पर्साको जगरनाथपुर गाउँपालिकातिर जाँदै गरेको प्रदेश ०३-००६ प ५६५८ नम्बरको सुपर स्पलेण्डर मोटरसाइकल दुर्घटनामा परेका छन् ।

धोविनी गाउँपालिका-३ हरिहरपुर र लंगडीको बीचमा नहरको पुलमा ठोक्किएर मोटरसाइल दुर्घटना हुँदा सखुवाप्रसौनी गाउँपालिका वडा नम्बर १ एकडर्वाका दीपेश कुमार यादवको मृत्यु भएको प्रहरीले जनाएको छ ।

दुर्घटनाको जानकारी पाएपछि इलाका प्रहरी कार्यालय लंगडी र पोखरियाको टोलीले दीपेशको शवलाई उद्धार गरी पोष्टमार्टमका लागि नारायणी अस्पतालमा पठाएको जनाइएको छ ।

# जन्ती र गाउँलेबीच झडप हुँदा तीन जना घाइते

**टुडे समाचारदाता**

वीरगञ्ज । वीरगञ्ज महानगरपालिका-२४ रामगढवामा शुक्रबार राति जन्ती र गाउँले पक्षबीच झडप भएको छ । झडपमा तीन जना घाइते भएका छन् ।

जिल्ला प्रहरी कार्यालय पर्साका अनुसार झडपमा परी वीरगञ्ज महानगरपालिका-२४ रामगढवाका ४० वर्षीय शम्भुप्रसाद कुर्मी, २० वर्षीय अर्जुनप्रसाद पटेल, ३६ वर्षीय रामबहादुर पटेल घाइते भएका छन् ।

वीरगञ्जको नारायणी अस्पतालमा सामान्य उपचारपछि उनीहरुलाई थप उपचारकालागि बाराको प्रसौनीस्थित एलएस न्यूरो अस्पताल पठाइएको प्रहरीले जनाएको छ ।

झडपमा संलग्न भएको आशंकामा प्रहरीले १० जनालाई नियन्त्रणमा लिएको छ । रामगढवाकै १८ वर्षीय अर्जुन पटेल, राज पटेल, विकास पटेल, सिद्दु पटेल, आलोक पटेल, साजन पटेल, बाराको फेटा गाउँपालिका-१का २६ वर्षीय अरविन्द पटेल, १९ वर्षीय मनु पटेललाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता प्रहरी नायब उपरीक्षक दस्पक गिरिले जानकारी दिए ।

सडक छेउमा मोटरसाइकल पार्किङ गरेको विषयमा विवाद भइ झडप भएको प्रारम्भिक अनुसन्धानमा देखिएको उनले बताए । 'गाउँका मानिसहरुले सडक छेउमा मोटरसाइकल पार्किङ गरेका रहेछन्, त्यसले गर्दा जन्ती आएको गाडी छिर्न सकेनछ', उनले भने, ' त्यही विषयमा विवाद भइ दुई पक्षबीच झडप भएको रहेछ ।'

झडप भएको जानकारी पाएलगत्तै ठूलो संख्यामा प्रहरी परिचालन गरेकोले भागदौड मच्चिएको थियो । भाडदौडका क्रममा केही सर्वसाधारण पनि पक्राउ परेको हुन सक्ने प्रहरीले जनाएको छ ।

# युवकमाथि कुटपिट

**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीको बरहथवामा विद्यालयको अवस्था बुझ्न गएका एक युवकमाथि कुटपिट गरिएको छ ।

बरहथवा नगरपालिका-१० मा अवस्थित दुर्गा सरस्वती जनता माध्यमिक विद्यालयको पढाइको अवस्था बुझ्न गएका स्थानीय २१ वर्षीय कृष्णकुमार चौधरीमाथि कुटपिट गरिएको छ ।



विद्यालय व्यवस्थापन समितिका पूर्वअध्यक्ष रामनारायण यादवले चौधरीको टाउकोमाथि कुर्सी प्रहार गर्दा उनको टाउको फुटेको छ । उनलाई १० वटा टाँका लगाइएको छ । घाइते चौधरीले राजनीतिक पूर्वाग्रह राखेर पूर्वअध्यक्ष यादवले आफूमाथि कुटपिट गरेको दाबी गरेका छन् ।

यता, विद्यालय व्यवस्थापन समितिका पूर्वअध्यक्ष यादवले चौधरीसँग सामान्य विवाद मात्र भएको बताए । चौधरी विद्यालयमा आएर अनावश्यक विवाद सिर्जना गरेको यादवले बताए। स्थानीय भने पूर्वअध्यक्ष यादवले विद्यालयमा आफ्नो अड्डा जमाएर बस्ने गरेको गुनासो गरेका छन्।

# महावीर झण्डा मेला सुरु



**टुडे समाचारदाता**

जनकपुरधाम । लक्ष्मीनियाँ गाउँपालिका-२ सोहनी स्थित सोमेश्वरनाथ महादेव मन्दिर परिसरमा महावीर झण्डा मेला सुरु भएको छ ।

शनिबार महाशिवरात्रिको अवसर पारेर महावीर झण्डा मेलाको एक समारोहबीच उद्घाटन गरिएको मुख्य पुजारी भोला यादवले जानकारी दिएका छन् ।

झण्डा मेलाको लागि महावीरको भव्य झण्डाको साथ साथै दर्शनका लागि विभिन्न देवी देउताहरुको मूर्ति निर्माण गरिएको छ ।

त्यसैगरी, शिवरात्रिको अवसरमा शनिबार राति जागरण कार्यक्रमको आयोजना गरिने भएको छ भने स्थानीय पोखरिमा गंगाआरती भएको छ ।

मेलाको लागि शिव मन्दिरलाई बेहुली झैं सिंगारिएको छ भने मन्दिरको छेउमै अवस्थित पोखरिलाई सजाउँदै ढुंगाले निर्माण गरिएका विभिन्न देवी देउताका मूर्तिहरुलाई रंगरोगन गरिएको छ ।

त्यस्तै, आजदेखि सात दिनसम्म पहलवानी (कुस्ती),मिथिलाको लोक नृत्य झरी-झरी तथा सांस्कृतिक कार्यक्रमहरुको आयोजना गर्दै झण्डा मेलाको उत्सव मनाइने बुझिएको छ ।

मेलाको अन्तिम दिन फागुन ११ गते एक समारोहको आयोजना गरी मेलाको समापन कार्यक्रमको आयोजना गरिनेछ ।

करिब सात लाख रकम खर्च हुने अनुमान गरिएको मेला व्यवस्थापनका लागि स्थानीयवासीहरुसंग चन्दा संकलन गरिएको छ भने कुनै पनि निकायबाट सहयोग नपाएको आयोजकले जनाएको छ ।

**जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.**द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, **जि.प्र.का.ध.द.नं.** ९१/०५७/५८